


# वार्षिक प्रतिवेदन २०२४–२०२५

OXFAM

The future is equal

# हाम्रो उपस्थिति




| | |
|---|---|
| **बागमती प्रदेश**<br>(**जिल्ला**: धादिङ - बेनीघाट रोराङ गाउँपालिका र ज्वालामुखी गाउँपालिका, काभ्रेपलाञ्चोक - बेथानचोक गाउँपालिका, नमोबुद्ध नगरपालिका र तेमाल गाउँपालिका) | **मधेश प्रदेश**<br>(**जिल्ला**: रौतहट - चन्द्रपुर नगरपालिका, दुर्गा भगवती गाउँपालिका, गौर नगरपालिका, परोहा नगरपालिका, राजदेवी नगरपालिका, राजपुर नगरपालिका र यमुनामाई गाउँपालिका, सर्लाही - हरिपुर नगरपालिका) |
| **कर्णाली प्रदेश**<br>(**जिल्ला**: दैलेख - भगवतीमाई गाउँपालिका र डुङ्गेश्वर गाउँपालिका, रूकुम पश्चिम - सानीभेरी गाउँपालिका र आठबीसकोट नगरपालिका, सुर्खेत - वीरेन्द्रनगर नगरपालिका) | **सुदूरपश्चिम प्रदेश**<br>(**जिल्ला**: दार्चुला - ब्यास गाउँपालिका, दुहुँ गाउँपालिका, लेकम गाउँपालिका, मालिकार्जुन गाउँपालिका र महाकाली नगरपालिका, डडेल्धुरा - आलिताल गाउँपालिका, अमरगढी नगरपालिका, गन्यापधुरा गाउँपालिका र परशुराम नगरपालिका, डोटी - जोरायल गाउँपालिका, कैलाली - लम्कीचुहा नगरपालिका) |

**आवरण**: कविता लुहार कञ्चनपुर जिल्लास्थित दोधारा चाँदनी नगरपालिकाकी एक सिटिजन साइन्टिस्ट र महिला सशक्तीकरण केन्द्रकी सक्रिय सदस्य हुन् । उनी र महिला सशक्तीकरण केन्द्रका अन्य सदस्यहरू महाकाली नदी सरसफाइ अभियानमा सहभागी रहँदै आएका छन् ।

**तस्बिर**: किशोर शर्मा/अक्सफाम

# विषयसूची


२०२४-२०२५ मा हाम्रो पहुँच ४

२०२४-२०२५ का झलक ४

अक्सफाम इन्टरनेशनल ५

अक्सफाम नेपाल ५

अक्सफामका मूल्यमान्यताहरू ६

लैङ्गिक न्याय कार्यक्रम ७

- नेतृत्वका लागि सबलीकरण : निर्णय प्रक्रियाको बाटोमा धना ओडको यात्रा ९
- युवाको सशक्तीकरण, समाजको रूपान्तरण १०

जलवायु न्याय तथा उत्थानशीलता कार्यक्रम १३

- कुनेखर्क खानेपानी तथा सरसफाइ योजनाको पुनर्स्थापना : एउटा समुदायको पुनरूत्थान यात्राको बाटो १५
- मानवीय सहायता : सन् २०२४ को बाढी तथा पहिरोपश्चात प्रतिकार्य १७
- त्रासदेखि उत्थानशीलतासम्म : विपद् पूर्वतयारीमा महिलाको नेतृत्व १८
- एकीकृत धानखेती - हाँसपालन २०
- पुस्तान्तरण सीप : सिलाइ बुनाइ व्यवसाय २१
- समूहगत नगद हस्तान्तरण २३

जल सुशासन र खानेपानी तथा सरसफाइ कार्यक्रम २५

- समावेशी स्थानीय जल सुशासन अभ्यास २७
- नदी प्रयोगकर्तादेखि नदी संरक्षक २८
- जल सुशासनको सुदृढीकरण ३०

सरोकारवालाहरूसँगको सहभागिता तथा सहकार्य ३२

दातृ निकायहरू ३४

साझेदार गैरसरकारी संस्थाहरू ३४

वित्तीय ३४

# प्राक्कथन

यो वर्ष व्यक्ति र समुदायको उत्थानशीलताको एक सशक्त प्रमाण बनेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष जोखिममा रहेका हिमाली क्षेत्रदेखि तराईका समथर भूभागसम्मको सामूहिक प्रगतिमा हामी सबैको साझा प्रतिबद्धता र एकताको अमूल्य योगदान रहेको छ । यसले एकजुट भएर काम गर्दा हामी थप सबल हुने तथ्य प्रमाणित भएको छ । जलवायुजन्य अनिश्चितता र बदलिँदो सामाजिक-आर्थिक परिवेशबीच पनि समतामूलक र उत्थानशील नेपाल निर्माण गर्ने हाम्रो सङ्कल्प अडिग छ । हामीले आफ्ना मुख्य लक्ष्यहरू प्राप्त गर्न तीनवटा रणनीतिक आधारहरूमा केन्द्रित रहेर कार्य सम्पादन गरेका थियौं :

## १. लैङ्गिक न्याय : प्रतिनिधित्वबाट अर्थपूर्ण सहभागितातर्फ

मुलुकको आधा जनसङ्ख्या पछाडि पर्दा वास्तविक विकास सम्भव हुँदैन । यस वर्ष हामीले केवल सहभागितामा मात्र जोड नदिई न्यायपूर्ण रूपान्तरणका लागि कार्य गऱ्यौं । महिलाहरूको आर्थिक स्वतन्त्रता र नेतृत्वमा बाधा पुऱ्याउने संरचनागत अड्चनहरू हटाउन हामी निरन्तर लागिपऱ्यौं । महिला तथा पिछडिएका समुदायहरू स्थानीय शासन प्रक्रियामा केवल सहभागी मात्र नभई निर्णय गर्ने तहमा पुग्ने वातावरण सुनिश्चित गरिएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, राजनीतिक सहभागिता र लैङ्गिक उत्तरदायी बजेटजस्ता तालिमहरूमार्फत हामीले ५४८ जना महिलाहरूको सशक्तीकरण गरेका छौं । यसैको परिणामस्वरूप ४० जना महिलाले विभिन्न निकायहरूमा औपचारिक भूमिका प्राप्त गरेका छन् ।

## २. जलवायु न्याय तथा उत्थानशीलता : स्थानीय पहल, दीर्घकालीन प्रभाव

नेपालका लागि जलवायु सङ्कट कुनै टाढाको खतरा नभएर दैनिक यथार्थ बनेको छ । जलवायु अनुकूल अभ्यासहरूलाई प्रोत्साहन गर्दै हामीले ५,००० भन्दा बढी कृषकहरूको आर्थिक उत्थानशीलतालाई सुदृढ बनाएका छौं । हाम्रो सामुदायिक बीउ उत्पादन पहल प्रभावकारी साबित भएको छ र यसले कृषकहरूलाई सुलभ मूल्यमा उच्च गुणस्तरको बीउ उपलब्ध गराउनुका साथै स्थानीय आम्दानीमा उल्लेख्य वृद्धि गर्न सहयोग गरेको छ । तत्कालको प्रतिकार्यमा मात्र नभई हामीले प्रकृतिमा आधारित समाधान र स्थानीय अनुकूलन रणनीतिहरूमार्फत दीर्घकालीन स्थिरतालाई प्राथमिकता दिएका थियौं । स्थानीय गैरसरकारी संस्थाहरूलाई विपद् प्रतिकार्यबाट पूर्वतयारीतर्फ अग्रसर गराउँदै हामीले उनीहरूलाई नेतृत्वदायी भूमिकामा स्थापित गरेका छौं । यसका साथै पूर्वसूचना प्रणालीलाई सुदृढ बनाइएको छ र विपद्को समयमा तत्काल उद्धारमा सहभागी भई पहिलो प्रतिकार्य गर्ने स्थानीयस्तरका स्वयंसेवकहरूलाई आफ्नै समुदायको सुरक्षाका लागि तालिम प्रदान गरिएको छ ।

## ३. जल सुशासन र खानेपानी तथा सरसफाइ : साझा स्रोतका लागि एकीकृत समाधान

सुरक्षित खानेपानीमा पहुँच सुनिश्चित गर्ने कार्यका साथै हामीले पिपुल्स ल्यान्डस्केप एप्रोचमार्फत रङ्गुन जलाधार क्षेत्रमा एकीकृत जलाधार मोडलको सफल परीक्षण गरेका छौं । छरिएर रहेका योजनाहरूलाई एकीकृत गरी समग्र योजना निर्माण गर्ने यो नयाँ अभ्यासले राष्ट्रियस्तर मान्यता पाएको छ । हामी जलस्रोतसम्बन्धी राष्ट्रिय कार्यसमूह (Community of Practice) को सचिवालयको रूपमा कार्यरत रहेका छौं र यस कार्यसमूहले मुलुकको जल व्यवस्थापन मापदण्डहरू निर्धारण गर्न सहयोग पुऱ्याइरहेको छ ।

यस प्रतिवेदनमा समेटिएको प्रगतिले सामूहिक इच्छाशक्ति, जनताको नेतृत्व, सहकार्य, साझेदारी र सहयोगले कसरी सम्भावनाका ढोकाहरू खोलेर परिवर्तन ल्याउन सक्छ भन्ने कुरालाई स्पष्ट पारेको छ । दृढताका साथ नेतृत्व गर्ने व्यक्ति र समुदाय, समर्पणका साथ सहकार्य गर्ने साझेदार तथा नागरिक समाज र हाम्रो लक्ष्यमा अटुट विश्वास राख्ने दातृ निकायहरूप्रति हामी हार्दिक आभार प्रकट गर्दछौं । साथै, उत्कृष्ट कार्य, ऐक्यबद्धता एवं सहयोगका लागि अक्सफाम टोली, कन्फेडेरेसन र नेपाल सरकारप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

सबैका लागि समान भविष्य निर्माण गर्ने यस यात्रामा हामी निरन्तर सहकार्यको अपेक्षा गर्दछौं ।

**तृप्ति राई**
राष्ट्रिय निर्देशक
अक्सफाम नेपाल



## २०२४-२०२५ मा हाम्रो पहुँच

प्रत्यक्ष रूपमा
९९,१०३ मानिससम्म
पुगिएको ।

५५%
महिला

२९%
युवा (१५ - २४ वर्ष )

लैङ्गिक न्याय
कार्यक्रममार्फत
७,७५३ जना
मानिससम्म
पुगिएको ।

जलवायु न्याय
तथा उत्थानशीलता
कार्यक्रम मार्फत
६२,९४० जना
मानिससम्म पुगिएको ।

जल सुशासन र
खानेपानी तथा
सरसफाइ कार्यक्रम
मार्फत २८,४१० जना
मानिससम्म पुगिएको ।

## २०२४-२५ का झलक

जलवायु उत्थानशील व्यवसायमा ६,२६७ उद्यमीहरूलाई सहयोग, ७० प्रतिशत महिला सहभागिता ।

२,८०० रोजगारी सिर्जना, १५७ पूर्णकालीन पदहरू ।

४० जना महिला निर्णय निर्माण गर्ने विभिन्न निकायहरूमा आबद्ध ।

१,००० युवाहरू नमूना (छाया) सुशासन र इन्टर्नसीपमा सहभागी ।

१०९ महिलाहरूद्वारा ३०० पटक पानीको गुणस्तर परीक्षण ।

४,६०० घरधुरीमा सुरक्षित खानेपानीको पहुँच सुनिश्चित ।

# अक्सफाम इन्टरनेशनल

अक्सफाम समानतामूलक संसार सुनिश्चित गर्नका लागि अन्यायविरूद्ध लड्नेहरूको विश्वव्यापी अभियान हो । विश्वका विभिन्न भूभागमा स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्म अक्सफामले हजारौं साझेदार र सहयोगीहरूसँग मिलेर काम गर्दछ । हामी समुदायहरूलाई राम्रो जीवन निर्माण गर्न, उत्थानशीलता बढाउन र सङ्कटको समयमा पनि जीवन र जीविकोपार्जनको रक्षा गर्न सक्षम बनाउने उद्देश्य लिएर सहयोग गर्दै आएका छौं ।

हामी दिगो समाधान चाहन्छौं, त्यसैले मानिसहरूलाई गरिबी र अन्यायमा अल्झाइरहने असमानताहरू विरूद्ध लड्छौं । हामी समस्याको सतही लक्षण मात्र होइन, यसका कारक प्रणालीगत समस्याहरूको समाधान गर्न र दिगो परिवर्तनका लागि अभियानहरू सञ्चालन गर्दछौं ।

अक्सफाम एक विश्वव्यापी छाता सञ्जाल (कन्फेडेरेसन) हो । यसमा २२ वटा सदस्य संस्थाहरू आबद्ध छन् । यी संस्थाहरूले एसिया लगायत ७७ भन्दा बढी देशहरूमा आफ्ना विविध क्षमता र विज्ञताको प्रयोग गर्दै साझा लक्ष्यहरू प्राप्त गर्न योगदान पुऱ्याउँछन् ।

हाम्रो परिकल्पना एक न्यायपूर्ण र दिगो विश्व सुनिश्चित गर्नु हो । यस्तो विश्व जहाँ मानिस र पृथ्वीलाई हाम्रो अर्थतन्त्रको केन्द्रमा राखिन्छ; जहाँ महिला तथा बालिकाहरू हिंसा र विभेदमुक्त जीवन बिताउँछन्; जहाँ जलवायु सङ्कटको समाधान गरिन्छ; र जहाँ शासन प्रणाली समावेशी हुन्छ र सत्ता एवं शक्तिमा रहेकाहरूलाई जवाफदेही बनाइन्छ ।

हाम्रो मुख्य उद्देश्य दिगो प्रभाव पार्नु हो । सामाजिक न्यायका लागि सञ्चालित विश्वव्यापी अभियानको हिस्सा बनेर हामी सकारात्मक परिवर्तन ल्याउन क्रियाशील छौं ।

# अक्सफाम नेपाल

एक मानवीय सहायता तथा विकास संस्थाका रूपमा नेपालमा कार्य गरिरहेको अक्सफाम नेपालको मुख्य लक्ष्य नागरिक क्षेत्रलाई सुदृढ बनाउनु र सबै प्रकारका असमानता एवं सामाजिक अन्याय अन्त्यका लागि जनसहभागिता बढाउनु हो । यो कार्य ग्लोबल साउथ अर्थात् विकासोन्मुख देशहरूको परिप्रेक्ष्यमा आधारित समावेशी र औपनिवेशिक सोचमुक्त नारीवादी दृष्टिकोणबाट निर्देशित रहेको छ । अक्सफामले सन् १९८० को दशकदेखि नेपालमा विभिन्न विकास, मानवीय सहायता र पैरवीका कार्यहरू गर्दै आएको छ । यी कार्यहरू व्यक्ति, सङ्घसंस्था र निकायहरूसँगको निकट समन्वय र साझेदारीमा सञ्चालन भइरहेका छन् । नेपालमा अक्सफामले चारवटा राष्ट्रियस्तरका लक्ष्यहरू प्राप्त गर्न तीनवटा अन्तरसम्बन्धित कार्यक्रमहरू–लैङ्गिक न्याय, जलवायु न्याय तथा उत्थानशीलता, र जल सुशासन र खानेपानी तथा सरसफाइ कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

**"अक्सफामले सन् १९८० को दशकदेखि नेपालमा विभिन्न विकास, मानवीय सहायता र पैरवीका कार्यहरू गर्दै आएको छ ।**

# राष्ट्रिय लक्ष्यहरू

लक्ष्य १ - हामी महिला, किशोरी एवं बालिकाहरूले स्वतन्त्र छनोटको अभ्यास गरेको, समान अवसरहरू पाएको र सामाजिक समावेशीकरणको वृहत्तर प्रगति भित्र रहेको नेपालको विकासमा उनीहरूले ठोस र अर्थपूर्ण नेतृत्व भूमिका पाएको देख्न चाहन्छौं ।

लक्ष्य २ - हामी शहरी र ग्रामीण क्षेत्रका युवा, महिला र विपन्न सीमान्तकृत समूहहरूसँग उत्थानशील जीविकोपार्जन र मनग्गे आयआर्जन भएको हेर्न चाहन्छौं ।

लक्ष्य ३ - हामी स्थानीयकृत गरिएका जोखिम व्यवस्थापन र प्रतिकार्यमार्फत विपद्हरूको सामना गर्ने क्षमता वृद्धि भएको उत्थानशीलता सहितका समुदायहरू देख्न चाहन्छौं ।

लक्ष्य ४ - हामी सुदृढ जल सुशासन र वातावरणीय व्यवस्थापन तथा जलवायु सङ्कटलाई सम्बोधन गर्ने क्षमता विकास भएको देख्न चाहन्छौं ।

# अक्सफामका मूल्यमान्यताहरू

## समानता

हामी सबैलाई न्यायोचित व्यवहार गरिने अधिकार छ र सबैले समान अधिकार र अवसरहरू पाउनु पर्छ भन्नेमा विश्वास गर्छौं ।

## सशक्तीकरण

हामी मानिसका जीवन र उनीहरूलाई प्रभावित गर्ने निर्णयहरूको सम्मान गर्छौं र तिनको विकास गर्छौं ।

## ऐक्यबद्धता

हामी एकअर्कासँग हाते मालो गर्छौं, सघाउँछौं र न्यायपूर्ण र दिगो संसार निर्माण गर्न सहकार्य गर्छौं ।

## समावेशीता

हामी विविधता र भिन्नतालाई आत्मसात् गर्छौं तथा गरिबी र अन्यायविरूद्धको संघर्षमा सबै मानिस र समुदायहरूको दृष्टिकोण तथा योगदानको कदर गर्छौं ।

## जवाफदेहीता

हामी आफूले गरेका कामको जिम्मेवारी लिन्छौं । हामीसँग यस क्रममा जोडिने जोसुकै व्यक्तिहरूप्रति उत्तरदायी र हन्छौं ।

## साहस

हामी सत्य र न्यायपूर्ण उद्देश्यका पक्षधर हौं र यिनका लागि आत्मविश्वासका साथ काम गर्छौं ।

# लैङ्गिक न्याय




लैङ्गिक न्याय कार्यक्रमले प्रत्येक महिला तथा बालिकाको भयरहित वातावरणमा बाँच्न पाउने र अधिकारका साथ नेतृत्व गर्न पाउने हकको वकालत गर्दछ । यस कार्यक्रमले नारीवादी दृष्टिकोण आत्मसात् गर्दै स्थानीय तहका महिला अधिकारवादी संस्था र नारीवादी सञ्जालहरूसँग मिलेर शक्ति संरचनाका हरेक तहमा सीमान्तकृत समुदाय र लैङ्गिक अल्पसङ्ख्यकहरूको प्रणालीगत समावेशीकरणका लागि पैरवी गर्दछ ।

यस कार्यक्रमले पितृसत्तात्मक सोच, हानिकारक सामाजिक मान्यता र लैङ्गिक हिंसा एवं विभेदका कारक तत्वहरूलाई चुनौती दिन सबै लिङ्गका व्यक्तिहरूलाई सहभागी गराउँछ । मानवीय सङ्कट र विपद्का बेला महिला तथा बालिकाहरूको सुरक्षा र संरक्षण सुनिश्चित गर्दै महिला, युवा र सीमान्तकृत समूहहरूको राजनीतिक एवं आर्थिक सशक्तीकरणका लागि यस कार्यक्रमले साझेदार र समुदायहरूसँग मिलेर कार्य गर्दछ ।

**दिगो प्रभाव सुनिश्चित गर्न यस कार्यक्रमले निम्न परिणामहरू (outcomes) हासिल गर्ने लक्ष्य राखेको छ :**

परिणाम १: युवा र महिलाका नेतृत्व र निर्वाचित महिला प्रतिनिधिहरूको राजनीतिक प्रणाली र शासन प्रक्रियासम्बन्धी ज्ञान, क्षमता र आत्मविश्वासमा वृद्धि हुनेछ ।

परिणाम २: युवाहरूले क्षमता अभिवृद्धि हासिल गरी पितृसत्तात्मक सोच र हिंसालाई प्रश्रय दिने हानिकारक सामाजिक मान्यताहरूलाई चुनौती दनेछिन् ।

परिणाम ३: नारीवादी सिद्धान्तको बुझाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण र नीतिगत पैरवीमा नागरिक समाजका संस्थाहरूको क्षमता अभिवृद्धि हुनेछ ।

परिणाम ४: सरकारी तथा गैरसरकारी निकायलगायत अन्य सरोकारवालाहरू (पुरुष, बालक, धार्मिक गुरु लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूह) सकारात्मक व्यवहार, दृष्टिकोण र सोच निर्माणमा सक्रिय रूपमा सहभागी हुनेछन् ।

सन् २०२४-२५ मा अक्सफामको लैङ्गिक न्याय कार्यक्रममार्फत ७,७५३ जना जसअन्तर्गत प्रत्यक्ष लाभान्वित भएका छन् जसअन्तर्गत ६५ प्रतिशत महिला र ४२ प्रतिशत युवा (१५-२४ वर्ष) रहेका छन् ।

यस कार्यक्रमले सीमान्तकृत समुदायका महिला तथा युवाहरूको नेतृत्व र नागरिक सहभागितालाई उल्लेखनीय रूपमा सुदृढ बनाएको छ । डडेल्धुरा जिल्लामा ५४८ जना महिलाहरूले लैङ्गिक उत्तरदायी बजेट निर्माण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र राजनीतिक सहभागितासम्बन्धी तालिम प्राप्त गरेका छन् । फलस्वरूप ४० जना महिलाहरू निर्णय निर्माण गर्ने विभिन्न निकायहरूमा आबद्ध भएका छन् र तीमध्ये ९ जना अध्यक्षका रूपमा नेतृत्व गरिरहेका छन् । सङ्घीय सञ्जालको विस्तार तथा महिला नेतृत्व मञ्च र युवा सञ्जालहरूको स्थापनामार्फत सहभागीहरूले हेरचाह कार्य र लैङ्गिक हिंसासम्बन्धी स्थानीय नीतिहरूमा प्रभाव पार्न सफल भएका छन् । यसका साथै ५९२ जना उदीयमान नेतृत्वलाई लैङ्गिक समानता, बेतलबी हेरचाह कार्य र नेतृत्व विकाससम्बन्धी तालिम दिइएको छ । एक हजारभन्दा बढी युवाहरूले नमूना (छाया) शासन र इन्टर्नसिपमार्फत शासन पद्धतिमा अनुभव हासिल गरेका छन् र यसले युवा प्रतिनिधित्व बढाउनुका साथै युवाको नेतृत्वमा आधारित नीतिगत सिफारिसहरू ल्याउन सहयोग पुऱ्याएको छ ।

यस कार्यक्रमले १,१२३ जना युवाहरूलाई (५५ प्रतिशत महिला) लैङ्गिक समानता र यौन तथा प्रजनन स्वास्थ्य अधिकारको नेतृत्व गर्न सक्षम बनाएको छ । यसको परिणामस्वरूप बैतडी र दैलेख जिल्लामा बालविवाह र लैङ्गिक हिंसाविरूद्ध युवाहरूको नेतृत्वमा २१ वटा सामूहिक अभियान सञ्चालन भएका छन् । आर्थिक स्वायत्ततातर्फ एक ठूलो सफलता हासिल भएको छ । ६३२ जना युवा, मुख्य गरी महिलाले स्वतन्त्र रूपमा वित्तीय सेवाहरूमा पहुँच पाएका छन् । ऋण लिनका लागि पहिले पुरुषमाथि निर्भर रहने महिलाहरू अहिले आफ्नै ऋण र व्यवसाय व्यवस्थापन गरिरहेका छन् । महिलाले सञ्चालन गरेका बाँसका हस्तकला सामग्री निर्माण, व्यावसायिक तरकारी खेती, टेम्पो परिवहन, युनिसेक्स सैलुन, ऊनका सामग्री बुनाइ र आरन व्यवसायजस्ता उद्यमहरूले सामाजिक मान्यतालाई बदल्दै उद्यमीको रूपमा महिलाको भूमिकालाई पुनः परिभाषित गरिरहेका छन् ।

यस अवधिमा चार प्रमुख साझेदार संस्थाहरू–युवालय, वाम (WAM), रूडुक (RUWDUC), र निड्स (NEEDS) नेपालको संस्थागत क्षमता सुदृढ गरिएको छ । यसबाट पारदर्शी, जवाफदेही र लैङ्गिक रूपान्तरणकारी कार्यक्रमहरू सञ्चालन गर्न मद्दत पुगेको छ । यी प्रयासहरूको परिणामस्वरूप आयोजित राष्ट्रिय संवादहरूले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको मापदण्डबमोजिम घरेलु श्रमिकहरूको अधिकार सुनिश्चित गर्न सङ्घीय प्रतिबद्धता प्राप्त गर्न सफल भएका छन् । स्थानीय स्तरमा, चारवटा पालिकाहरूमा आठवटा लैङ्गिक समानता तथा सामाजिक समावेशी र युवा नीतिहरू स्वीकृत भई शासन संरचनामा प्रणालीगत परिवर्तनलाई संस्थागत गर्न योगदान गरेको छ ।

अन्त्यमा, पितृसत्तात्मक सोच र जातीय विभेद अन्त्यका लागि दैलेख, बैतडी र कञ्चनपुर जिल्लाका ५१५ जना पुरुष तथा किशोरहरूलाई कार्यक्रममा सहभागी गराइएको थियो । २१ जना प्रशिक्षित पुरुष परिवर्तनका संवाहकहरूको नेतृत्वमा सञ्चालित यस पहलले हानिकारक व्यवहार र बेतलबी हेरचाह कार्यका बारेमा पुरुषहरूलाई आत्मसमीक्षा गर्ने वातावरण सिर्जना गरेको थियो । डडेल्धुराका महिला नेतृत्व मञ्चहरूका अनुसार महिला नेतृत्वप्रति पुरुषहरूको समर्थन उल्लेखनीय रूपमा बढेको छ र लैङ्गिक मुद्दाहरूमा छलफल गर्ने तत्परता समेत बढ्दै गएको छ ।

# नेतृत्वका लागि सबलीकरण : निर्णय प्रक्रियाको बाटोमा धना ओडको यात्रा

डडेल्धुरा जिल्ला, अमरगढी नगरपालिकाकी धना ओड आफ्नो श्रीमान् र दुई छोराहरूसँग बस्छिन् । पारिवारिक आर्थिक अवस्था कमजोर भएका कारण १४ वर्षकै उमेरमा उनको विवाह भयो र त्यसले गर्दा उनको शिक्षा बीचमै रोकियो । तर, जातीय र लैङ्गिक विभेदको आफ्नै भोगाइ नै उनका लागि सामाजिक परिवर्तनको दिशामा लाग्ने प्रेरणा र प्रतिबद्धताको आधार बन्यो ।

उनको समुदायमा महिलाहरू घरभित्रका काममा मात्र सीमित थिए । महिलाहरूलाई आवतजावतमा रोकटोक हुन्थ्यो र घरबाहिर निस्कन परिवारको अनुमति लिनुपर्ने बाध्यता थियो । यसका साथै लैङ्गिक हिंसा पनि व्यापक थियो । पितृसत्तात्मक सोचका कारण महिलाहरू सार्वजनिक जीवन र निर्णय प्रक्रियामा सहभागी हुनबाट वञ्चित थिए । दलित परिवारका लागि यो विभेद अझ बढी थियो । उनीहरूका लागि कथित माथिल्लो जातका मानिसहरूको घरमा प्रवेश निषेध थियो, पानीको धारामा गएर पानी थाप्न पाउँदैन थिए र सामाजिक भेलाहरूमा सहभागी हुनबाट रोक लगाइन्थ्यो । यिनै अन्यायहरूले धनाको मनमा महिला विकासका लागि काम गर्ने र विभेदकारी मान्यताहरूलाई चुनौती दिने चाहना जगायो ।

सरकारी नीति वा अधिकारका संरचनाहरूका बारेमा औपचारिक ज्ञान नभए पनि धनाले निरन्तर रूपमा अग्रज




सुदूरपश्चिम प्रदेश, डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका-३ की वडा सदस्य धना ओड आफू निर्वाचनमा विजयी भएको प्रमाणपत्र देखाउँदै ।

र सामुदायिक नेताहरूसँग सल्लाह लिइरहिन् । उनले जातीय र लैङ्गिक विभेद अन्त्य गर्न आफूले कसरी योगदान दिन सकिन्छ भनेर सोधिरहिन् । उनले निर्णय लिइने स्थानहरूमा पुरुषहरूको मात्र वर्चस्व रहेको र नेतृत्वदायी भूमिकामा महिलाहरूको उपस्थिति शून्य रहेको देखिन् । धनाले कुनै पद वा प्रतिष्ठाका लागि नभई सीमान्तकृत समुदायका लागि वास्तविक परिवर्तनको सुरुवात गर्न त्यस्तो नेतृत्वदायी स्थानमा पुग्ने लक्ष्य राखिन् ।

डडेल्धुरा र बैतडी जिल्लामा सुरु गरिएका Let Her Voice Be Heard: Transformative Leadership of Women Leaders in Nepal (TWLN) परियोजना धनाका लागि एउटा महत्वपूर्ण मोड साबित भयो । यसै परियोजनाअन्तर्गत अमरगढी नगरपालिकामा महिला नेतृत्व मञ्च स्थापना भयो र धना त्यस मञ्चको एउटा सदस्यका रूपमा आबद्ध भइन् । उनले नेतृत्व विकास, बेतलबी हेरचाह कार्य, हानिकारक सामाजिक मूल्यमान्यता र लैङ्गिक समानताका विषयमा विस्तृत क्षमता अभिवृद्धि तालिमहरू प्राप्त गरिन् । मञ्चमा हुने नियमित बैठकहरूले निर्वाचित महिला प्रतिनिधि र मञ्चका सदस्यहरूबीच सिकाइ र अनुभव साटासाट गर्ने वातावरण सिर्जना गर्‍यो । यसले राजनीतिक दल र सरकारी संरचनाभित्र रहेका बाधाअवरोधलाई चिर्दै अघि बढ्न व्यवहारिक रणनीतिहरू समेत प्रदान गर्‍यो ।

यस व्यापक सहयोगबाट प्रेरित भई धनाले स्थानीय तहको वडा समिति निर्वाचनमा उम्मेदवारी दिइन् र विजयी भइन् । उनीसँगै डडेल्धुरा र बैतडी जिल्लाभर मञ्चका अन्य १५ जना सदस्यहरू पनि निर्वाचित भएका थिए । यस सामूहिक सफलताले महिलाहरूको राजनीतिक सहभागिता सुनिश्चितताका लागि समावेशी मञ्चहरू कति शक्तिशाली हुन्छन् भन्ने कुरा प्रमाणित गरेको छ ।

हाल एक निर्वाचित प्रतिनिधिको रूपमा कार्यरत धनाले आफ्नो कार्यकाल प्रभावकारी रूपमा पूरा होस् भनेर निरन्तर क्षमता अभिवृद्धि र अधिकार तथा जिम्मेवारीमा थप स्पष्टताका लागि दृढताका साथ पैरवी गरिरहेकी छिन् ।

विभेदबाट सम्मानित नेतृत्वसम्मको उनको यो यात्रा समावेशी राजनीतिक मञ्चहरूले महिलाका लागि प्रस्तुत गर्ने रूपान्तरणकारी क्षमता र नेतृत्वकारी भूमिकालाई पुनर्परिभाषित गर्न दृढ सङ्कल्पित महिलाहरूको उत्थानशीलतालाई देखाउने एक जीवन्त उदाहरण हो ।

“हामीलाई अझ धेरै तालिम, अझ धेरै बोल्न पाउने मञ्च र नेतृत्वमा अझ धेरै महिलाहरूको उपस्थिति आवश्यक छ । यो त केवल सुरुवात मात्र हो,” धना ओड आफ्नो अनुभव सुनाउँछिन् ।

## युवाको सशक्तीकरण, समाजको रूपान्तरण

युरोपेली सङ्घको आर्थिक सहयोग रहेको Youth-led GESI Initiatives for COVID-19 Recovery Strategies and Action in Nepal नामक तीन वर्षे परियोजना सन् २०२४ डिसेम्बरमा सम्पन्न भएको छ । अक्सफामले यो परियोजना युवालय र सीमान्तकृत महिलाहरूका लागि महिला सङ्घ (WAM) सँगको साझेदारीमा कार्यान्वयन गरेको थियो ।

सन् २०२२ जनवरीदेखि चारवटा पालिका–कर्णाली प्रदेशको दैलेख जिल्लामा पर्ने भगवतीमाई गाउँपालिका र डुङ्गेश्वर गाउँपालिका तथा सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लामा पर्ने पाटन नगरपालिका र दशरथचन्द नगरपालिकामा यो पहल सुरु गरिएको थियो । यस अभियानले युवाहरूको क्षमता अभिवृद्धिमा लगानी गर्दै राजनीति र अर्थतन्त्रमा उनीहरूको सहभागितालाई प्रवर्धन गरेको थियो ।

परियोजनाले सबै लिङ्गका युवाहरूलाई सामाजिक र आर्थिक परिवर्तनको संवाहक बनाउन बहुआयामिक सशक्तीकरणलाई प्राथमिकता दिएको थियो । अनौपचारिक शिक्षा, नीतिगत संवाद र लैङ्गिक समानता तथा सामाजिक समावेशी (GESI) पैरवीका माध्यमबाट युवाहरूले विभिन्न तहका शासन प्रक्रियामा प्रभाव पार्न सक्ने आफ्नो क्षमतालाई

सुदृढ बनाएका छन् । वडा र पालिकास्तरमा औपचारिक युवा संरचनाहरू स्थापना गरिएका छन् र ती संरचनाले युवा नेतृत्वलाई स्थानीय योजना प्रक्रियामा समाहित गर्दै युवालक्षित बजेट सुनिश्चित गर्न सहयोग गरेको थियो ।

नागरिक सहभागितालाई पूर्णता दिन यस परियोजनाले व्यावसायिक तालिम र तेस्रोपक्षीय वित्तीय अनुदान सहयोग (FSTP) जस्ता उपअनुदान संयन्त्रमार्फत सहभागीहरूको आर्थिक सुरक्षा अभिवृद्धि गरेको छ । यसले सहभागीहरूलाई दिगो लघुव्यवसाय सुरु गरी व्यवस्थापन र सञ्चालन गर्न मद्दत पुऱ्याएको छ ।

युवा सशक्तीकरणका साथै परियोजनाले समावेशीकरणलाई प्रवर्धन गर्न स्थानीय तह, सेवा प्रदायक र सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गरेको छ । यस अन्तर्गत GESI नीति पारित गर्न पैरवी गर्ने, राष्ट्रिय युवा परिषद्को मार्गदर्शनअनुरूप युवा परिषद् गठन गर्न पालिकाहरूलाई सहयोग गर्ने र लैङ्गिक हिंसाका सेवा प्रदायकहरूलाई प्रभावितकेन्द्रित पद्धति एवं प्रेषण संयन्त्रका बारेमा प्रशिक्षित गर्ने कार्यहरू गरिएका छन् । सहकारी तथा वित्तीय संस्थाहरूसँगको रणनीतिक समन्वयले युवाहरूको वित्तीय पहुँच र दीर्घकालीन आर्थिक सुरक्षालाई थप सुदृढ बनाएको छ ।




पाटन नगरपालिका युवा सञ्जालका सदस्यहरू बैठकपछि सामूहिक तस्बिर खिचाउँदै । बैतडी जिल्लामा युवा सशक्तीकरणका लागि एक बलियो शक्तिका रूपमा उदाएको यस १५ सदस्यीय (११ पुरुष र ४ महिला) युवा सञ्जालको नेतृत्वमा पुरुष अध्यक्ष र महिला उपाध्यक्ष रहेका छन् ।

# मुख्य उपलब्धिहरू

### आर्थिक सशक्तीकरण:

- ९०७ जना युवाले वित्तीय साक्षरता तालिम पूरा गरेका छन् ।
- १०१ जना युवा उद्यमी (७० प्रतिशत महिला) ले आफ्नो व्यवसाय विस्तार गरेका छन् ।
- ३१ जना उद्यमी (२८ जना महिलासहित) ले प्रत्यक्ष FSTP अनुदान प्राप्त गरेका छन् ।
- २४ जना सहभागीले विशिष्टीकृत व्यावसायिक तालिम प्राप्त गरेका छन् ।
- ३१० जना युवाको बैंक, सहकारी र वित्तीय संस्थाहरूमा औपचारिक पहुँच पुगेको छ ।

### नीति तथा सुशासन:

- स्थानीय सरकारहरूले GESI र युवा परिषद् नीतिहरू स्वीकृत गरेका छन्, जसले नगर युवा सञ्जालका लागि कानुनी संरचना तयार गरेको छ ।
- २८४ जना युवा १३ वटा नीतिगत संवादमा (५ सङ्घीय, २ प्रादेशिक, ६ स्थानीय) सहभागी भएका छन् ।
- ९२ जना युवाहरूले सुशासनसम्बन्धी तालिम प्राप्त गरेका छन् ।
- १६ जना युवा इन्टर्नले स्थानीय सरकारी कार्यालयहरूमा प्रत्यक्ष कार्यअनुभव हासिल गरेका छन् ।
- हानिकारक सामाजिक मान्यताहरूलाई चुनौती दिन युवा र पुराना पुस्ताबीच सहकार्य बढाउन २४ वटा अन्तरपुस्ता संवादहरू सञ्चालन गरिएका छन् ।

### संरक्षण तथा स्वास्थ्य:

**२५**

सुरक्षित आवासगृह (सेफ हाउस) र एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) मार्फत २५ वटा लैङ्गिक हिंसाका घटनामा सहयोग प्रदान गरिएको छ ।

**४२**

४२ जना हिंसा प्रभावितलाई कानुनी अधिकार, उजुरी प्रक्रिया र उपलब्ध सेवाहरूका बारेमा तालिम दिइएको छ ।

**४**

चारवटा स्वास्थ्य चौकीहरूमा युवा सहायता कक्ष (Youth Support Corners) स्थापना गरी यौन तथा प्रजनन स्वास्थ्य अधिकार सेवामा पहुँच विस्तार गरिएको छ ।

नागरिक संलग्नता, आर्थिक सशक्तीकरण, संस्थागत सुदृढीकरण र संरक्षण प्रणालीलाई एकीकृत गर्दै यस परियोजनाले युवा नेतृत्व र उत्थानशीलताका लागि दिगो मार्गहरू प्रशस्त गरेको छ । यसले शासन प्रक्रियामा युवाहरूको प्रभाव विस्तार मात्र नगरी स्थानीय संरचनाहरूलाई थप समावेशी, समतामूलक र युवाका आवश्यकताप्रति उत्तरदायी बनाउन समेत मद्दत पुऱ्याएको छ ।

# जलवायु न्याय तथा उत्थानशीलता


©किशोर शर्मा/अक्सफाम

जलवायु न्याय तथा उत्थानशीलता कार्यक्रमले जलवायुजन्य उतारचढाव र विपद्बाट प्रभावित समुदायहरूको उत्थानशीलता र अनुकूलन क्षमता सुदृढ गर्ने कार्यमा जोड दिन्छ । जलवायु पूर्वतयारीलाई जीविकोपार्जन सहायतासँग जोड्दै यस कार्यक्रमले वातावरणीय विनाश र स्रोतसाधनको गलत व्यवस्थापनबाट उत्पन्न हुने जोखिमप्रति अत्यधिक सङ्कटासन्न समुदायहरूलाई लक्षित गर्दछ ।

यस कार्यक्रमको मुख्य लक्ष्य जलवायुजन्य अनिश्चितता र उतारचढावका बीच पनि प्रगति निरन्तर भइरहने एक न्यायपूर्ण विश्वको निर्माण गर्नु हो । अक्सफामले स्थानीय विज्ञताको विकास र महिला नेतृत्वलाई प्रोत्साहन गर्दै समुदायप्रेरित उत्थानशील समाधानहरूलाई अगाडि बढाएर स्थानीयकरणको अवधारणालाई प्रवर्धन गर्दछ । हामी पर्याप्त, सुनिश्चित र सहज पहुँचयुक्त जलवायु वित्तका लागि पैरवी गर्दछौं । साथै, वित्तीय स्रोतको पहुँचमा रहेका अन्तर हटाउनुका लागि समुदाय र सरकारसँग साझेदारी गर्दछौं ।

**"यस कार्यक्रमको मुख्य लक्ष्य जलवायुजन्य अनिश्चितता र उतारचढावका बीच पनि प्रगति निरन्तर भइरहने एक न्यायपूर्ण विश्वको निर्माण गर्नु हो ।**

**यस कार्यक्रमले निम्न अपेक्षित परिणामहरू (outcomes) हासिल गर्ने लक्ष्य राखेको छ :**

परिणाम १: सीमान्तकृत र विपद् प्रभावित समुदायका युवा तथा महिलाहरूको उत्पादनशील स्रोतसाधनमा पहुँच वृद्धि हुनुका साथै कृषि (farm) तथा गैरकृषि (off-farm) उत्पादन बढाउन सरकारी एवं निजी क्षेत्रका सेवाहरूको उपयोग भएको हुनेछ ।

परिणाम २: सहरी तथा ग्रामीण क्षेत्रका युवा, महिला र सीमान्तकृत समूहका लागि रोजगारीका अवसर, वित्तीय सुरक्षा र रोजगारीको सुनिश्चितता प्रदान गर्न समावेशी एवं दिगो बजार र साना तथा मध्यम उद्यमहरूको विकास भएको हुनेछ ।

परिणाम ३: वैदेशिक रोजगारीमा जाने व्यक्तिका परिवारलगायत साना किसानहरूको जीविकोपार्जनमा सुधार र सरकारका सामाजिक सुरक्षा एवं संरक्षण कार्यक्रमहरूमा पहुँचमार्फत उत्थानशील आम्दानी सुनिश्चित भएको हुनेछ ।

परिणाम ४: स्थानीय तथा प्रादेशिक सरकारहरूद्वारा युवा तथा महिला रोजगारी एवं उद्यम विकासका लागि सामाजिक संरक्षण सञ्जाललगायत अनुकूल नीति तथा कार्यक्रमहरूको कार्यान्वयन भएको हुनेछ ।

परिणाम ५: मानवीय सहायताका स्थानीय नेतृत्वमार्फत प्रभावकारी, जवाफदेही र लैङ्गिक-संवेदनशील मानवीय सहायता प्रदान गरिएको हुनेछ; यसमा विशेष गरी खानेपानी तथा सरसफाइ, जीविकोपार्जन (आपतकालीन खाद्य सुरक्षा तथा सङ्कटासन्न जीविकोपार्जन), आवास, लैङ्गिक समानता र संरक्षणका क्षेत्रमा प्रतिकार्यदेखि पुनर्निर्माणसम्मको कार्य भएका हुनेछन् ।

परिणाम ६ : उच्च जोखिममा रहेका समुदायहरूको विपद् जोखिम सम्मुखता न्यूनीकरण हुनुका साथै प्राकृतिक प्रकोप र जलवायुजन्य उतारचढावका प्रभावहरूप्रति थप उत्थानशीलता निर्माण भएको हुनेछ ।

सन् २०२४-२५ मा अक्सफामले जलवायु न्याय तथा उत्थानशीलता कार्यक्रममार्फत ६२,९४० जनामा प्रत्यक्ष लाभ पुऱ्याएको छ, जसमा ५४ प्रतिशत महिला र ३१ प्रतिशत युवा (१५-२४ वर्ष) रहेका छन् ।

यस कार्यक्रमले ग्रामीण क्षेत्रमा आर्थिक अवसरहरू सिर्जना गरी युवा पलायन जस्ता समस्याहरूलाई सफलतापूर्वक सम्बोधन गरिरहेको छ । रणनीतिक साझेदारीमार्फत एक स्थानीय सहकारीले ४१ जना युवाहरूलाई (जसमा अधिकांश महिला छन्) ८० लाख नेपाली रुपैयाँ वित्तीय सहयोग प्रदान गरेको छ । यस कार्यक्रमले समुदायलाई बीमा र सरकारी विपद् प्रतिकार्य जस्ता अत्यावश्यक सेवाहरूसँग जोड्ने कार्य गर्दछ । समूहगत नगद हस्तान्तरणको नमूना पहलले सामुदायिक नेतृत्व र स्वामित्व सुदृढ गर्न उत्साहजनक नतिजा देखाएको छ । सो कार्यक्रमका सहभागीहरूले अहिले विविधीकृत उद्यम र जीविकोपार्जनका माध्यमबाट मासिक १८ हजारदेखि ३० हजार रुपैयाँसम्म आम्दानी गरिरहेका छन् ।

कार्यक्रमले ६,२६७ जलवायु उत्थानशील उद्यमीहरूलाई प्रवर्द्धन गरेको छ । यसमा ७० प्रतिशतजति महिला सहभागिता रहेको छ । हामीले करिब २,८०० रोजगारीका अवसरहरू सिर्जना गरेका छौं र त्यसमध्ये १५७ वटा पूर्णकालीन रोजगारी रहेका छन् । यस कार्यक्रमले राष्ट्रिय कृषि कार्यक्रम र प्रादेशिक स्वरोजगार कोषमार्फत १ करोड ८० लाख रुपैयाँ सार्वजनिक वित्त परिचालन गर्न सहयोग गरेको छ । एउटा उल्लेखनीय उपलब्धि भनेको यहाँको एक उद्यमले उत्पादन गरेका सामग्रीहरू अन्तर्राष्ट्रियस्तरमा विस्तार भएका छन् र ती उत्पादन बेलायतस्थित Sourced by Oxfam पसलहरूमा उपलब्ध हुन थालेका छन् ।

५,००० भन्दा बढी कृषकहरूले टनेल खेती, प्राङ्गारिक मल व्यवस्थापन र च्याउ खेती जस्ता जलवायु अनुकूल अभ्यासहरू अपनाएका छन् । यसमध्ये सामुदायिक बीउ उत्पादन पहल एक उत्कृष्ट सफलताको रूपमा रहेको छ । यसले सुलभ र उच्च गुणस्तरको बीउ उपलब्ध गराउनुका साथै आम्दानीमा उल्लेख्य वृद्धि गरेको छ । स्थानीय तहहरूले अहिले यी उत्पादकहरूलाई सरकारी बीउ वितरण र अनुदान संयन्त्रमा समेत आबद्ध गरेका छन् ।

स्थानीय पालिकाहरूले जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीतिहरू तयार गरे तापनि बजेट र समन्वयको अभावमा कार्यान्वयनमा चुनौतीहरू कायमै छन् । यसलाई सम्बोधन गर्न अक्सफामले प्रादेशिक मन्त्रालयहरूसँग मिलेर सामुदायिक बीउ बैंकजस्ता समावेशी कृषि अभ्यासहरूलाई व्यवस्थित बनाउन र विपद् जोखिम न्यूनीकरणका लागि साझा अभ्यास केन्द्रहरू (CoP -Communities of Practice) सञ्चालन गर्न सहकार्य गरिरहेको छ ।

अक्सफामले परम्परागत सहायताभन्दा माथि उठेर स्थानीय गैरसरकारी संस्थाहरूलाई नेतृत्वका लागि सक्षम बनाउँदै लगेको छ । साझेदार संस्थाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिमहरूमा सहभागी भई आफ्नो क्षमता अभिवृद्धि गरेका छन् । यसकै फलस्वरूप उनीहरूले स्टार्ट फन्ड स्टेयरिङ कमिटी र ह्युमानिटेरियन पार्टनरशिप प्लेटफर्मजस्ता मञ्चहरूमा नेतृत्वदायी भूमिका प्राप्त गर्न सफल भएका छन् । सन् २०२४ को बाढी र पहिरोका समयमा, पूर्वसहमति (Standby Agreements) का आधारमा स्थानीय साझेदार हरूले नै प्रतिकार्यको नेतृत्व गरे र यसले विपद् आउनासाथ छिटो र जवाफदेही ढङ्गले कार्य सम्पादन सुनिश्चित गरेको थियो ।

# कुनेखर्क खानेपानी तथा सरसफाइ योजनाको पुनर्स्थापना : एउटा समुदायको पुनरुत्थान यात्राको बाटो

"गत वर्षको निरन्तर वर्षाले विनाशकारी बाढी र पहिरो ल्यायो, हाम्रो समुदाय र जनजीवनलाई पूर्ण रूपमा तहसनहस बनायो । यो बयान गर्नै नसकिने कठिन परिस्थिति थियो, जुन हामी महिलाहरूका लागि झन् कष्टकर बन्यो," तुलसा बताउँछिन् ।

सन् २०२४ सेप्टेम्बरको विनाशकारी बाढी र पहिरोले काभ्रेपलाञ्चोक जिल्लामा ठूलो जनधनको क्षति पुऱ्यायो । ५० जनाभन्दा बढीको मृत्यु भयो भने खेतीयोग्य जमिन र खानेपानी प्रणाली लगायतका महत्वपूर्ण पूर्वाधारहरूमा व्यापक क्षति पुग्यो । ११२ घरधुरीलाई सेवा पुऱ्याउँदै आएको कुनेखर्क खानेपानी तथा सरसफाइ योजना पहिरोका कारण क्षतिग्रस्त संरचनाहरू मध्ये एक थियो ।

"हामी पानी भर्नका लागि स्थानीय मुहानसम्म पुग्न झन्डै एक घण्टा हिंड्नुपर्थ्यो । यो निकै समय खाइदिने काम थियो," बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लामा पर्ने बेथानचोक गाउँपालिका-१०, कुनेखर्ककी ५० वर्षीया तुलसा घोरासैनीले आफ्नो बाध्यता सुनाउँछिन् । उनका श्रीमान् रामशरण घोरासैनी यसै कुरामा थप्छन्, "केही समय अघिसम्म हामीसँग सुरक्षित खानेपानीको पहुँच थिएन र अस्थायी विकल्पहरूमा भर पर्नुपथ्यो । हाम्रा सबै खानेपानी पाइपलाइन र मुहानहरू ध्वस्त भएका थिए । खानेपानी योजनाको पुनर्निर्माण हुनु हाम्रा लागि ठूलो राहत र सहयोग भएको छ ।"

प्रदेश सरकारको आर्थिक सहयोगमा निर्मित कुनेखर्क खानेपानी तथा सरसफाइ योजनाको मुहान नारायणस्थानको बाघद्वारमा रहेको थियो । यस योजनाले २३ दलित, ३४ जनजाति र ५५ अन्य जातीय समूह गरी जम्मा ११२ घरधुरीलाई खानेपानी र सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको थियो । यहाँको समुदाय पूर्ण रूपमा कृषि र

पशुपालनमा निर्भर थियो । खानेपानीको सङ्कटले यी दुवै जीविकोपार्जनका माध्यम प्रभावित भएको थियो ।

पानीका ट्याङ्की, जलाशय र पाइपलाइनहरू पूर्ण रूपमा ध्वस्त भएपछि उत्पन्न भएको पानीको चरम अभावका कारण केही परिवारहरूले त बसाइँ सर्ने सोचसमेत बनाएका थिए । स्थानीय बासिन्दाहरू नजिकैको खोल्साबाट पानी सङ्कलन गर्न बाध्य थिए जहाँ जान र पालो पर्खन झन्डै एक घण्टा लाग्ने गर्दथ्यो ।

सङ्कट चुलिँदै गएपछि स्थानीयले सहयोगका लागि वडा कार्यालय र गाउँपालिकामा निवेदन दिए पनि प्रक्रियामा ढिलाइ भयो । तर, जब शान्ति जनआदर्श सेवा केन्द्रले अक्सफामसँगको साझेदारी र गाउँपालिकासँगको समन्वयमा बाढी तथा पहिरो प्रतिकार्य परियोजनाअन्तर्गत कुनेखर्क खानेपानी योजनाको पुनर्स्थापना सुरु गर्‍यो, तब स्थानीयमा आशा पलायो । यस अत्यावश्यक मर्मत कार्यलाई अगाडि बढाउन शान्ति जनआदर्श सेवा केन्द्र, गाउँपालिका र स्थानीय खानेपानी तथा सरसफाइ उपभोक्ता समितिबीच त्रिपक्षीय सम्झौता सम्पन्न भयो ।

यस परियोजनाका लागि विनियोजित ११ लाख नेपाली रुपैयाँ, गाउँपालिकाको तर्फबाट प्राप्त ४ लाख २७ हजार २६६ नेपाली रुपैयाँ र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको १ लाख १५ हजार ४७५ नेपाली रुपैयाँ बराबरको श्रमदानका कारण पुनर्स्थापना कार्यले तीव्रता पाएको थियो ।

खानेपानीको पुनः आपूर्ति सुनिश्चित भएसँगै कुनेखर्कका बासिन्दाहरूले यो पुनर्लाभलाई सम्भव तुल्याउने सबैप्रति कृतज्ञता व्यक्त गरेका छन् । खानेपानी योजनाको यो पुनर्निर्माण केवल पूर्वाधारको मर्मत मात्र नभई समुदायको उत्थानशीलता र प्रतिकूल परिस्थितिलाई जित्ने उनीहरूको सामूहिक सङ्कल्पको एक सशक्त प्रमाण पनि हो ।

“अहिले हामीले पानी भर्नका लागि घण्टौं कुर्नु पर्दैन, न टाढासम्म हिँड्नु पर्छ,” हर्षित हुँदै तुलसा र रामशरणले सुनाए । “हाम्रो क्षतिग्रस्त खानेपानी प्रणालीको पुनर्निर्माण र मर्मतसम्भार भएको छ । अब हामी आफ्नै घरको धाराबाट सिधै पानी पिउन पाउँछौं ।”




तुलसा र रामशरण घोरासैनी खानेपानी योजनाको मर्मतसम्भारले सुरक्षित पिउने पानीको पहुँचमा उल्लेख्य सुधार ल्याएको कुरा बताउँदै ।




पहिरोले कुनेखर्क खानेपानी योजनाको जलाशयमा आंशिक क्षति पुऱ्याएको थियो । त्यसपछि जलाशयको संरक्षण कार्य गरियो र वितरण पाइपलाइनहरू पुनः निर्माण गरिए ।

# मानवीय सहायता : सन् २०२४ को बाढी तथा पहिरोपश्चात गरिएको प्रतिकार्य

सन् २०२४ सेप्टेम्बर २६ देखि २८ को बीचमा नेपालले एक विनाशकारी जलवायुजन्य विपद्को सामना गऱ्यो । अत्यधिक वर्षाका कारण आएको भीषण बाढी र पहिरोमा परी २५० जनाको मृत्यु भयो, १०,८०० भन्दा बढी घरधुरी विस्थापित भए र कृषि, जलविद्युत् एवं महत्वपूर्ण पूर्वाधारहरूमा १५ अर्ब नेपाली रूपैयाँभन्दा बढीको क्षति पुग्यो ।

स्थानीय सरकार र स्थानीय साझेदारहरू–फोकस नेपाल, आरडीसी नेपाल र शान्ति जनआदर्श सेवा केन्द्रसँगको साझेदारीमा अक्सफामले धादिङ, काभ्रेपलाञ्चोक र रौतहट जिल्लाका ३१,०९८ व्यक्तिहरूलाई लक्षित गरी एकीकृत आपतकालीन प्रतिकार्य सुरु गरेको थियो । यो पहलले तत्काल जीवन रक्षा र दीर्घकालीन पुनरूत्थान बीचको अन्तर हटाउन मद्दत गरेको थियो ।

विनाशकारी बाढी र पहिरोपछि अक्सफामले केवल तत्कालको राहत मात्र प्रदान गरेन । महिलाहरूको सरसफाइ तथा स्वास्थ्यका लागि आवश्यक सामग्रीको झोला (dignity kit) र जाडोको न्यानो लुगा तथा कम्बल वितरण गर्नुका साथै अक्सफामले मानिसहरूलाई आफ्ना आवश्यकताहरू पूरा गर्न नगद सहायता समेत प्रदान गरेको थियो ।

दीर्घकालीन पुनरूत्थान सुनिश्चित गर्न अक्सफाम महत्त्वपूर्ण पूर्वाधारहरूको पुनर्निर्माणमा केन्द्रित भएको थियो । यसअन्तर्गत सुरक्षित खानेपानीको पहुँच पुनर्स्थापना गर्न धादिङ र काभ्रेपलाञ्चोक जिल्लाका ३८ वटा खानेपानी आयोजनाहरूको मर्मत र स्थानीय कृषकहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याउन तीनवटा सिँचाइ कुलोहरूको मर्मतसम्भार गरिएको थियो ।

## अक्सफामको प्रतिकार्य

**१,३७०**
घरधुरीलाई नगद सहयोग प्रदान ।

**३७**
वटा खानेपानी योजनाहरूको मर्मत ।

**३,२६०**
सेट न्यानो लुगा (जाडो लक्षित सामग्री) वितरण ।

**३**
वटा सिँचाइ कुलोहरूको मर्मत ।

**१,३००**
वटा dignity kit वितरण ।

**८०**
जना लैङ्गिक हिंसा प्रभावितहरूलाई नगद सहयोग ।

अक्सफामको प्रतिकार्यले द्रुत राहत र समुदाय-परिचालित पुनर्निर्माणलाई सफलतापूर्वक एकीकृत गरेको थियो । स्थानीय जनशक्ति र महिला नेतृत्वलाई प्राथमिकता दिंदै यस कार्यक्रमले तत्कालको मानवीय आवश्यकता पूरा गर्नुका साथै विपद् प्रभावित समुदायहरूको आधारभूत उत्थानशीलतालाई समेत सुदृढ बनाएको थियो ।

# त्रासदेखि उत्थानशीलतासम्म : विपद् पूर्वतयारीमा महिलाको नेतृत्व

कञ्चनपुर जिल्लाको दोधारा चाँदनी नगरपालिकामा पर्ने प्रगति टोलकी आकृति कसेरा विगतका दिनहरूमा विपद्, विशेष गरी मनसुनी बाढीले कसरी उनीहरूको जीवन नियन्त्रण गर्थ्यो भन्ने कुरा प्रस्टसँग सम्झन्छिन् । हरेक वर्ष जलस्तर बढेर बालीनाली बग्ने, घरमा क्षति पुग्ने र खानेपानीका मुख्य मुहानहरू प्रदूषित हुने र यसले समुदाय नै एक्लिने अवस्था आउँथ्यो । बाढी घटेपछि पनि खेतबारीमा बालुवाको बाक्लो तह जम्ने हुनाले खेतीयोग्य जमिन बाँझो हुन्थ्यो र परिवारहरू गरिबीको चक्रमा फस्न बाध्य हुन्थे ।



कञ्चनपुर जिल्लाको दोधारा चाँदनी नगरपालिकामा पर्ने प्रगति टोलकी आकृति कसेरा बाढीपछि मानिसहरूलाई सुरक्षित स्थानतर्फ जान सहयोग गर्दै ।

यो समुदायले हावाहुरी, तातो लहर (लु), चट्याङ र जंगली जनावरहरूको निरन्तर आक्रमण जस्ता समस्याहरू पनि झेल्दै आएको थियो । कृषि र दैनिक ज्याला मजदुरी नै आम्दानीको मुख्य स्रोत भएकाले धेरै पुरुषहरू कामको खोजीमा भारततर्फ पलायन हुन बाध्य थिए । यसले

गर्दा घरव्यवहार र खेतीपाती सम्हाल्ने सम्पूर्ण जिम्मेवारी महिला, बालबालिका र वृद्धवृद्धाहरूको काँधमा हुन्थ्यो । जीवन रक्षाको भारी बोक्दाबोक्दै पनि पुरुषप्रधान समाजमा महिलाहरूको आवाज प्रायः सुनिँदैनथ्यो । त्यस समयमा विपद् व्यवस्थापन केवल घटना घटेपछिको प्रतिक्रियामा मात्र सीमित थियो । डर र पूर्वतयारीको अभावका कारण वर्षेपिच्छे समुदायले ठूलो क्षति भोग्नुपरिरहेको थियो ।

"Strengthening Community Preparedness, Rapid Response and Recovery (SCOPR-3) परियोजनाको सुरुवातसँगै हाम्रो अवस्था परिवर्तन हुन थाल्यो," आकृति सुनाउँछिन् ।

अक्सफाम र निड्स नेपालको साझेदारीमा सञ्चालित यस पहलमार्फत समुदायमा एक समावेशी सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरियो । यस समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने विशेष प्रावधान राखिएको थियो ।

सामुदायिक विपद् व्यवस्थापन समितिमार्फत सदस्यहरूलाई प्राथमिक उपचार, पूर्वसूचना प्रणाली र जोखिम मूल्याङ्कनसम्बन्धी अत्यावश्यक तालिमहरू प्रदान गरिएको थियो ।

"यी नयाँ सीपहरूले हाम्रो सोच्ने तरिकामा पूर्ण रूपमा परिवर्तन ल्याएका छन्," आकृति स्पष्ट पार्छिन् । "अब हामी विपद् आएपछि मात्र प्रतिक्रिया जनाउँदैनौँ; बरु त्यसका लागि पहिल्यै पूर्वतयारी गर्छौं ।"

यस परियोजनाले ठोस र दीर्घकालीन प्रभाव पारेको छ । लैङ्गिक समावेशीकरण अब समितिमा मात्र सीमित छैन; समितिका दुई जना महिला सदस्यहरू वडा प्रतिनिधिको रूपमा निर्वाचित भएका छन् । वातावरणीय पक्षमा तटबन्धको संरक्षण गरी बाढीको जोखिम न्यूनीकरण गर्न महाकाली नदीमा जथाभावी ढुङ्गा-गिट्टी उत्खनन रोक्न समितिले सफल अभियान चलाएको छ । स्थानीय तह पनि थप सक्रिय बनेको छ । वडा कार्यालयले अहिले समुदायलाई माइकिङ सेट र आपतकालीन किट जस्ता अत्यावश्यक सामग्रीहरू उपलब्ध गराउँदै आएको छ । यसका साथै समयमै पूर्वसूचना प्रवाह सुनिश्चित गर्न सञ्चार प्रणालीमा सुधार गरिएको छ र पशु बीमामा सहज पहुँचमार्फत कृषि उत्थानशीलतालाई समेत सुदृढ बनाइएको छ ।

आज प्रगति सामुदायिक विपद् व्यवस्थापन समिति दोधारा चाँदनी नगरपालिकाकै एक अग्रणी महिला नेतृत्वको संस्थाको रूपमा स्थापित भएको छ । प्रगति टोलमा महिलाहरूले समुदायको सुरक्षाको स्वामित्व आफैँले ग्रहण गरेका छन् । उनीहरूले स्थानीय निकायहरूसँग समन्वय गरिरहेका छन् र उत्थानशील युवा सञ्जालजस्ता नगरस्तरका मञ्चहरूमा समेत आबद्ध भएका छन् ।

"त्रास र असहाय अवस्थाबाट आत्मविश्वास र नेतृत्वसम्मको हाम्रो यो यात्राले के प्रमाणित गर्छ भने जब महिलाहरू सशक्त हुन्छन् र समुदाय पूर्वतयारीमा रहन्छ, तब उत्थानशीलता प्राप्त गर्न सकिन्छ । हाम्रो जस्ता विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूको भविष्य जोगाउन महिला नेतृत्वमा आधारित र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा निरन्तर लगानी आवश्यक छ," आकृति भन्छिन् ।

**"यी नयाँ सीपहरूले हाम्रो सोच्ने तरिकामा पूर्ण रूपमा परिवर्तन ल्याएका छन्," आकृति स्पष्ट पार्छिन् । "अब हामी विपद् आएपछि मात्र प्रतिक्रिया जनाउँदैनौँ; बरू त्यसका लागि पहिल्यै पूर्वतयारी गर्छौं ।"**

# एकीकृत धानखेती-हाँसपालन

गुजरा नगरपालिकाकी रामदुलारी चौधरीले लामो समयदेखि धानको न्यून उत्पादन, कीराको प्रकोप र रासायनिक मलको बढ्दो लागत जस्ता समस्याहरू भोग्दै आएकी थिइन् । एक आमाको रूपमा उनको प्राथमिकता आफ्नो परिवारका लागि छाक टार्नु मात्र थियो । तर, आधुनिक कृषि प्रविधिहरू अपनाउने उनको दृढता कहिल्यै डगमगाएन ।

उनको यही सम्भावनालाई आत्मसात् गर्दै अक्सफाम र आरडीसी नेपालको साझेदारीमा सञ्चालित जलवायु जोखिम र सङ्कटासन्नविरूद्ध सामुदायिक उत्थानशीलता निर्माण परियोजनाले उहाँलाई एकीकृत धानखेती-हाँसपालनको नमूना परीक्षणका लागि छनोट गर्‍यो । यो जलवायुमैत्री पद्धतिले धान खेतीलाई नयाँ ऊर्जा मात्र दिएको छैन, बरु हाँसपालनलाई पनि सँगै जोडेर उनको परिवारलाई सामान्य गुजाराको अवस्थाबाट माथि उठाई आर्थिक स्थिरताको मार्ग प्रदान गरेको छ ।

रामदुलारीले आफ्नो ५ कठ्ठा जमिनमा धान सघनता प्रणालीमार्फत धान खेती गरिन् । यसमा उनले पूर्वाधार र सामग्रीका लागि व्यक्तिगत रूपमा ३० हजार ३०० रूपैयाँ लगानी गरिन् र परियोजनाले ५८ हजार २०० नेपाली रूपैयाँ बराबरका अत्यावश्यक सामग्रीहरू सहयोग प्रदान गरेको थियो । परियोजनाले उपलब्ध गराएको प्याकेजमा ७ केजी *चन्दन कतनी* जातको धानको बीउ, दुई ट्र्याक्टर कम्पोस्ट मल र जैविक मलका रूपमा ५० केजी तोरीको पिना रहेको थियो । यसका साथै परियोजनाले खेतको सुरक्षाका लागि बाँस र जालीको बार लगाउनुका साथै १० दिनका १२५ वटा हाँसका चल्लाहरू पनि उपलब्ध गराएको थियो । ती चल्लालाई केही समय घरमा हुर्काएर धान खेतमा खुला छाडिएको थियो ।

धान रोपाइँ र सिँचाइ सकिएपछि रामदुलारीले हाँसहरूलाई रातको समयमा सुरक्षित राख्न एउटा खोर निर्माण गरिन् । सुरूका दिनहरूमा खेतमा झारपात पलाउन थालेको थियो, तर हाँसहरूले ती झार र कीराहरूलाई आहारा बनाएपछि यो समस्या तुरुन्तै समाधान भयो । यो प्राकृतिक प्रक्रियाले एक चक्र नै सिर्जना गर्‍यो : हाँसहरूले खेत गोडमेलको काम गरे भने उनीहरूको सुलीले प्राङ्गारिक मलको काम गर्‍यो, जसले माटोको उर्वराशक्ति र बालीको उत्पादकत्वमा उल्लेख्य वृद्धि ल्याएको थियो ।

रामदुलारीले हाँसपालन र कीट नियन्त्रणका लागि प्राविधिक सहायक बाट नियमित प्राविधिक सल्लाह लिइन् । यसकै फलस्वरूप उनको बाली छिमेकी खेतहरूको तुलनामा निकै सप्रिएको र हरियो देखिएको छ । धान र हाँसलाई सँगै लैजाने यस खेती विधिले झारपातको वृद्धि रोक्न सफल भएको छ र रासायनिक विषादीको आवश्यकतालाई पूर्ण रूपमा हटाएको छ । यो मोडेलले माटोको उर्वराशक्ति बढाउने मात्र नभई धान, हाँस र अण्डाको बिक्रीबाट भविष्यमा आम्दानीका तीनवटा स्रोतहरू सुनिश्चित गर्दै एक उत्थानशील आयआर्जनको आधार खडा गरेको छ ।

"हामीले पहिले प्रयोग गर्ने रसायनहरू निकै महँगा थिए," रामदुलारी सुनाउँछिन् । "अहिले हाँसहरूले नै सबै काम गर्छन्, कीरा खाएर धानको बोटलाई बलियो बनाउँछन् । मलाई विश्वास छ यसले राम्रो उब्जनी दिनेछ र हामीले थप आम्दानी पाउनेछौं ।" उनको यस सफलताले गुजरा नगरपालिकामा सकारात्मक प्रभाव पारेको छ । रामदुलारीको खेत अहिले एक जीवन्त सिकाइ केन्द्र बनेको छ, जहाँ छिमेकीहरू जम्मा भएर उनले प्रयोग गरेको विधि सिक्छन् र आफू पनि कसरी जलवायुमैत्री खेती अपनाउने भन्नेबारे छलफल गर्छन् ।

धान-हाँसपालन मोडेलले जलवायुमैत्री नवप्रवर्तनले साना किसानहरूलाई कसरी आधारभूत रूपमा सशक्त बनाउन सक्छ भन्ने उदाहरण पेश गरेको छ । उत्पादन लागत घटाएर, माटोको जैविक विविधता बढाएर र आम्दानीका स्रोतहरू विविधीकरण गरेर यस पद्धतिले दिगो जीविकोपार्जन र जलवायु उत्थानशीलताका लागि अन्य ठाउँमा पनि विस्तार गर्न सकिने मार्ग प्रदान गर्दछ । रामदुलारीको सफलताले नेपालका अति सङ्कटासन्न क्षेत्रहरूमा एकीकृत कृषि प्रणालीको रूपान्तरणकारी क्षमतालाई थप पुष्टि गरेको छ ।

# पुस्तान्तरण सीप : सिलाइ बुनाइ व्यवसाय

मूल थलो म्याग्दी रहेको माया पुर्जा करिब दुई दशकदेखि महिला सीप विकास संस्थाकी एक महत्वपूर्ण सदस्य हुन् । हिंडडुलमा समस्या भएको शारीरिक अपाङ्गता लिएर जन्मिए तापनि मायाले एक उदाहरणीय र आत्मनिर्भर जीवन निर्माण गरेकी छिन् ।

माया वर्षौसम्म परिवारमै निर्भर रहेर बसेकी थिइन् । परिवारका सदस्यहरु काममा जान्थे । आत्मनिर्भर बन्ने तीव्र चाहनाबाट प्रेरित भई उनले जीवनलाई नयाँ दिशा दिने सोच बनाइन् । यसै क्रममा साथीहरूले उनलाई पोखरास्थित महिला सीप विकास संस्थाले गरिरहेको कार्यका बारेमा बताए । साथीहरूले संस्थाकी संस्थापक रामकली खड्कासँग कुरा गरिदिए र त्यसपछि माया संस्थामा सामेल भइन् । त्यहाँबाट उनको व्यावसायिक यात्रा सुरु भयो । आज उनी एक विद्यार्थीबाट दक्ष कारिगर र एक प्रतिबद्ध प्रशिक्षकका रूपमा स्थापित भएकी छिन् । उनले आफूले जानेका सीप अरूलाई सिकाइरहेकी छिन् ।

आफ्नो प्रगतिका बारेमा स्मरण गर्दै मायाले सुरुमा झोलाको फित्ता बुन्ने र हेमिङ गर्ने कामबाट सिक्न सुरु गरेको बताउँछिन् । संस्थाले पुतली बनाउने अर्डरहरू पाउन थालेपछि माया पनि त्यही काममा व्यस्त भइन् ।




पोखरास्थित महिला सीप विकास संस्थाको कार्यालयमा पुतलीका लागि स्केच तयार पार्दै माया पुर्जा ।

"अन्ततः म पूर्ण रूपमा पुतली बनाउने काममा लागेँ। अहिले म पुतली बनाउन इच्छुक महिलाहरूलाई तालिम पनि दिन्छु," उनी भन्छिन्। मायाले वर्षमा दुई पटक तालिम चलाउँछिन् र २० जनासम्म महिलाहरूलाई पुतली बनाउने कला सिकाइरहेकी छिन्।

"मैले अहिलेसम्म करिब ५०० देखि ६०० महिलाहरूलाई तालिम दिइसकेँ होला," माया गर्वका साथ सुनाउँछिन्।

हाल उनी पुतली बनाउने टोली प्रमुख हुन् र ३० देखि ३५ जना महिलाको टोलीको सुपरिवेक्षण गर्छिन्। संस्थाले नयाँ अर्डरहरू प्राप्त गरेपछि उनी नै लुगा, धागो र आवश्यक सामग्रीहरू छनोट गर्नेदेखि लिएर आफ्नो टोलीका लागि स्केच र डिजाइनहरू तयार पार्ने सम्पूर्ण उत्पादन प्रक्रियाको जिम्मेवारी सम्हाल्छिन्।

"मलाई आत्मनिर्भर जीवन दिने यस संस्थाप्रति म कृतज्ञ छु," माया भन्छिन्। "मैले कहिल्यै सोचेकी थिइनँ कि शारीरिक अपाङ्गता भएकी म सन्तोषजनक जीवन जिउन सक्षम हुनेछु।"

महिला सीप विकास संस्था एक निष्पक्ष व्यापारमा आधारित नाफारहित संस्था हो। यसको स्थापना सन् १९७५ मार्च ८ मा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा एक तालिम प्रदायक संस्थाको रूपमा भएको थियो। तर आर्थिक सशक्तीकरणको आवश्यकतालाई महसुस गर्दै यसले हस्तकला सामग्री उत्पादनमो केन्द्रित भयो। स्थापना कालदेखि नै यो संस्था ग्रामीण समुदायका सीमान्तकृत, आर्थिक रूपमा विपन्न र अपाङ्गता भएका महिलाहरूलाई सशक्त बनाउन समर्पित रहँदै आएको छ।

अक्सफामले सन् २०१६ देखि यस संस्थालाई उद्यमशीलता तालिम, प्राविधिक सीप अभिवृद्धि र ब्रोसर तथा क्याटलग प्रकाशनमा आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। अक्सफामले रङ लगाउने (dyeing) मेसिन खरिदमा समेत केही आर्थिक सहायता उपलब्ध गराएको थियो। अक्सफामले यस संस्थालाई बेलायतस्थित Sourced by Oxfam पसलहरूसँग महत्वपूर्ण बजार सम्बन्ध स्थापित गर्नसमेत सहयोग पुऱ्याएको छ।

**"मलाई आत्मनिर्भर जीवन दिने यस संस्थाप्रति म कृतज्ञ छु," माया भन्छिन्। "मैले कहिल्यै सोचेकी थिइनँ कि शारीरिक अपाङ्गता भएकी म सन्तोषजनक जीवन जिउन सक्षम हुनेछु।"**

# समूहगत नगद हस्तान्तरण

अक्सफामले निड्स नेपालसँगको साझेदारीमा सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा समूहगत नगद हस्तान्तरण पहल सुरु गरेको छ । सन् २०२१ देखि बुर्किना फासो, दक्षिण सुडान, लेबनान र पोल्याण्डमा सञ्चालित नमूना कार्यक्रमहरूको सफलताका आधारमा अक्सफामले यस समुदाय नेतृत्वको अवधारणाको सशक्त पैरवी गर्दै आएको छ ।

## समूहगत नगद हस्तान्तरण भनेको के हो ?

समूहगत नगद हस्तान्तरणले दर्ता नभएका, उदयीमान वा आफैं सङ्गठित भएका सामुदायिक समूहहरूलाई रकम सहयोग उपलब्ध गराउँछ । यस्तो रकमले सङ्कट तथा विपद्को समयमा तत्कालको जीवन रक्षा र पुनरूत्थानका आवश्यकताहरू सम्बोधन गर्न समुदायलाई आफैंले परियोजनाहरू कार्यान्वयन गर्न सक्षम बनाउँछ ।

## नेपालमा कार्यान्वयन

कञ्चनपुर जिल्लाको महाकाली नदी किनारमा रहेका सीमान्तकृत र विविध समुदायहरूमा चारवटा फरक समूहगत नगद हस्तान्तरण परियोजनाहरू सञ्चालन गरिएका थिए । स्थानीय सरकार, अक्सफाम, निड्स नेपाल र समुदायले संयुक्त रूपमा तयार पारेका मापदण्डका आधारमा लक्षित समूहहरूको पहिचान गरिएको थियो ।

**छनोटका मापदण्डहरू:**

- उच्च गरिबीको तह
- विकासका मूलप्रवाही कार्यक्रमहरूबाट वञ्चित
- खाद्य असुरक्षा
- प्राकृतिक प्रकोपप्रतिको अत्यधिक सङ्कटासन्नता

समुदायप्रेरित परियोजनाहरू सञ्चालन गर्न चारवटा समूहहरूलाई जम्मा ३५ लाख रुपैयाँ वितरण गरिएको थियो । यसमध्ये धेरैजसो परियोजना जीविकोपार्जन र उत्थानशीलतामा केन्द्रित थिए ।

## परियोजनाहरू

### • प्रगति टोल, भीमदत्त नगरपालिका-१३

सदस्यहरूले सडक किनारको कुलो पुनर्स्थापना गर्नुका साथै बाँस र बालुवाको प्रयोग गरी १२५ मिटर लामो प्राकृतिक सामग्रीमा आधारित तटबन्ध निर्माण गरे । उनीहरूले बाढीको जोखिम भएका क्षेत्रमा सडकको सतहसमेत माथि उठाएका छन् । यो तटबन्धले अहिले बाढीको पानीलाई सुरक्षित रूपमा निकास दिई सडक र नजिकका बस्तीहरूलाई सुरक्षित बनाएको छ ।

### • सोनापुर गाउँ, भीमदत्त नगरपालिका-१३

प्राप्त सहायता कोषको प्रयोगबाट तीनवटा सामुदायिक शौचालयहरू निर्माण गरियो र यसले स्थानीय सरसफाइ तथा स्वच्छतामा उल्लेखनीय सुधार ल्याएको छ ।

### • बेलडाँडी गाउँ, बेलडाँडी गाउँपालिका-५

सामुदायिक माछापोखरी निर्माणबाट १५ घरधुरी लाभान्वित भएका छन् । पहिले प्रयोगविहीन रहेको सिमसार क्षेत्रलाई आयआर्जन गर्ने स्रोतमा रूपान्तरण गरी जीविकोपार्जनका नयाँ अवसरहरू सिर्जना गरिएको छ ।

### • दोधारा चाँदनी नगरपालिका-३ :

एक महिला समूहले सरकारी विद्यालयको जग्गा भाडामा लिएर तरकारी खेती परियोजना सुरु गऱ्यो । पहिलो उत्पादनबाट प्रतिसदस्य औसत १५ हजार रुपैयाँ आम्दानी भयो । यसले सीमान्तकृत महिलाहरूका लागि दिगो जीविकोपार्जनको ढोका खोलेको छ ।




दोधारा चाँदनी नगरपालिकाकी कमला ओली समूहगत नगद हस्तान्तरण पहलअन्तर्गत सहयोगप्राप्त कृषि फार्ममा काम गर्दै ।

## प्रभाव र सशक्तीकरण

समूहगत नगद हस्तान्तरण कार्यक्रमले बजेटको कुशल र पारदर्शी परिचालन गर्न सकिन्छ भन्ने कुरालाई प्रदर्शन गरेको छ । यसले धेरै समूहहरूलाई पहिलोपटक आर्थिक स्रोत व्यवस्थापन गर्ने अनुभव प्रदान गरेको थियो । कार्यक्रमले सहभागीहरूलाई सशक्त बनाउनुका साथै भविष्यका लागि उपयोगी सिकाइको अवसरसमेत सिर्जना गरेको छ ।

# जल सुशासन र खानेपानी तथा सरसफाइ




जल सुशासन र खानेपानी तथा सरसफाइ कार्यक्रमले जल सुशासनको सुदृढीकरण र खानेपानी तथा सरसफाइ सेवा प्रवाहमा सुधार ल्याउने कार्यमा जोड दिन्छ । हाल स्थानीय र प्रादेशिक सीमाहरूबीचको प्रशासनिक विभाजनले गर्दा जलाधार व्यवस्थापन र अन्तरसरकारी समन्वयमा चुनौतीहरू देखिएका छन् । जलवायु परिवर्तनका कारण बढ्दो जल असुरक्षा समाधानका लागि सङ्घीय संरचनाहरू अपूर्ण रहँदा यी चुनौतीहरू थप जटिल बन्न पुगेका छन् । दीर्घकालीन जल सुरक्षा सुनिश्चित गर्न यस कार्यक्रमले स्पष्ट अन्तर-सिमाना नीति, तथ्यमा आधारित सुशासन र निरन्तर राजनीतिक लगानीका लागि पैरवी गर्दछ ।

यस कार्यक्रमले सङ्कटासन्न, गरिब र सामाजिक रूपमा पिछडिएका समुदायहरूले भोग्दै आएको जल असुरक्षालाई सम्बोधन गर्दै अत्यावश्यक स्रोत र सरसफाइमा उनीहरूको दिगो पहुँच अभिवृद्धि गर्दछ । यसले रूपान्तरणकारी प्रणालीगत परिवर्तनको प्रारम्भभित्र रहेर न्यायपूर्ण अर्थतन्त्र र जवाफदेही शासनको रणनीतिक लक्ष्य प्राप्त गर्न योगदान पुऱ्याउँछ । कार्यक्रमले जलवायु न्यायलाई एक अन्तरसम्बन्धित प्राथमिकताको रूपमा लिई जलवायु परिवर्तनको प्रभावबाट सबैभन्दा बढी प्रभावित तर यसका लागि कम जिम्मेवार रहेका व्यक्तिहरूको नेतृत्वलाई केन्द्रमा राखेको छ ।

**यस कार्यक्रमले निम्न अपेक्षित परिणामहरू हासिल गर्ने लक्ष्य राखेको छः**

परिणाम १ः दिगो र जलवायु उत्थानशील खानेपानी, खानेपानी तथा सरसफाइ सेवा र सुविधाहरूमा समावेशी एवं समतामूलक पहुँच पुगेको हुनेछ ।

परिणाम २ः जलाधारस्तरमा वैकल्पिक जल सुशासनका स्वरूपहरूको विकास र विस्तार भएको हुनेछ ।

परिणाम ३ः मुख्य नेतृत्वदायी पदहरूमा स्थानीय महिलाहरूको उपस्थिति बढेको हुनेछ र सबै तहको जल एवं खानेपानी, खानेपानी तथा सरसफाइ सुशासनमा सीमान्तकृत समुदायको प्रभाव बृद्धि भएको हुनेछ ।

सन् २०२४-२५ मा अक्सफामले जल सुशासन र खानेपानी तथा सरसफाइ कार्यक्रममार्फत २८,४१० जनामा प्रत्यक्ष लाभ पुऱ्याएको छ । यसमा ५५ प्रतिशत महिला र १९ प्रतिशत युवा (१५-२४ वर्ष) रहेका छन् ।

यस कार्यक्रमले पहाडी र तराई दुवै क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ । पहाडी क्षेत्रमा मुख्य गरी बेनीघाट रोराङ र ज्वालामुखी ग्रामीण खानेपानी व्यवस्थापन बोर्डले ५४ वटा खानेपानी तथा सरसफाइ योजनाहरूको व्यवस्थापन जिम्मेवारी सम्हालेका छन् । यी योजनाहरूले करिब ३,७०० घरधुरीलाई सेवा प्रदान गरिरहेका छन् । घर-घरमा धारा र पहुँचयुक्त खानेपानी सार्वजनिक धाराहरूको स्थापनाले महिला, बालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक बोझ र कष्टलाई धेरै कम गरेको छ । प्राविधिक विकासतर्फ ८० भन्दा बढी खानेपानी गुणस्तर परीक्षणहरू गरिएका छन् र ईसेवामार्फत डिजिटल महसुल सङ्कलन गर्न थालिएको छ । यसले जनस्वास्थ्यमा सुधार ल्याउनुका साथै वित्तीय पारदर्शितासमेत बढाएको छ ।

तराई क्षेत्रमा, हरिपुर र राजपुर खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्डले न्यून आय भएका र विपन्न परिवार हरूलाई प्राथमिकतामा राखी पूर्वाधार विस्तार गरी ९०० भन्दा बढी घरधुरीमा नयाँ पाइपलाइन र धाराहरू उपलब्ध गराएको छ । अधिकार र जिम्मेवारीका सम्बन्धमा ३०० भन्दा बढी सरोकारवालाहरूलाई समावेशीकरणसम्बन्धी अभिमुखीकरण प्रदान गरी सुशासनलाई सुदृढ बनाइएको छ । गुनासो तथा सुझाव संयन्त्रको स्थापनाले जवाफदेहिता बढाउनुको साथै सेवा प्रवाहका समस्याहरू समाधान गर्न र हैजाको प्रकोपका समयमा तत्काल परीक्षण एवं सचेतना अभियानमार्फत छिटो प्रतिकार्य गर्न मद्दत पुऱ्याएको थियो ।

त्यसैगरी, पिपल्स ल्यान्डस्केप एप्रोचको सफल परीक्षणले रंगुन जलाधार क्षेत्रको जल व्यवस्थापनमा परिवर्तन ल्याइरहेको छ । यसले छरिएर रहेका प्रशासनिक योजनाहरूको सट्टा एकीकृत जलाधार मोडललाई स्थापित गरेको छ । जल तथा ऊर्जा आयोगको सचिवालय, अक्सफाम र रूडुकद्वारा तयार पारिएको यस सुशासन संरचनाले स्थानीय पालिका, नागरिक समाज, उपभोक्ता समूह, निजी क्षेत्र र महिला समूहहरूलाई जलस्रोतको समग्र व्यवस्थापनका लागि एकजुट बनाएको छ । क्षतिग्रस्त जलस्रोतहरूको पुनर्स्थापना जस्ता प्रत्यक्ष कार्यहरूले नदीको माथिल्लो र तल्लो भेगमा बस्ने मानिसहरूलाई फाइदा पुऱ्याएको छ । संस्थागत रूपमा विकास गरिएको नयाँ द्वन्द्व समाधान संयन्त्रले पानीको मात्रा, गुणस्तर र अधिकारका विषयमा हुने विवादहरूलाई व्यवस्थित रूपमा समाधान गर्ने सुनिश्चितता प्रदान गरेको छ । जलस्रोतसम्बन्धी राष्ट्रिय कार्यसमूहको सचिवालयको रूपमा अक्सफामले रंगुन जलाधारको अनुभवलाई आधार मानी जलाधार क्षेत्रस्तरीय रणनीति र राष्ट्रिय नीतिगत सुधारहरूको खाका तय गर्न सहयोग गरिरहेको छ ।

महिला तथा सीमान्तकृत समुदायहरू जल सुशासनमा प्रभाव पार्न मात्र होइन, जलाधारस्तरमा वैकल्पिक नमूनाहरू प्रस्तुत गर्नसमेत अग्रणी भूमिका खेलिरहेका छन् । हाल सक्रिय रहेका २३ वटा महिला सशक्तीकरण केन्द्रले करिब ९०० पटक महिलाहरूको सहभागिता सुनिश्चित गराएका छन् । फलस्वरूप सिँचाइ, सीप विकास र सामाजिक सुधारका लागि सफल पैरवी गर्न सम्भव भएको छ । उनीहरूको पैरवीले जलवायु उत्थानशील जीविकोपार्जन र पूर्वाधारका लागि स्थानीय तहहरूबाट ३० लाख ८० हजार रुपैयाँ बजेट परिचालन गर्न सफल भएको छ । साथै १०९ जना महिलाहरूले ३०० भन्दा बढी पटक पानीको गुणस्तर परीक्षण गरेका छन् । यसबाट प्राप्त तथ्याङ्कलाई नदी स्वास्थ्य प्रतिवेदन तयार पार्न र राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिको परिमार्जनलाई सुसूचित तुल्याउन उपयोग गरिएको छ । यी महिलाहरू अहिले महत्वपूर्ण ज्ञानका संवाहकका रूपमा स्थापित भएका छन् । निजी र सार्वजनिक क्षेत्रसँगको उनीहरूको संयुक्त पैरवीले अन्तर्देशीय नवप्रवर्तनलाई समेत प्रोत्साहन गरेको छ । महाकाली नदीमा ऱ्याफ्टिङ प्रवर्द्धनका लागि गरिएको सामूहिक सहकार्य यसको एक उदाहरण हो ।

# समावेशी स्थानीय जल सुशासन अभ्यास

पानीको पहुँच प्रत्येक नेपाली नागरिकको मौलिक अधिकार हो । तर, विशेष गरी अति सङ्कटासन्न र सीमान्तकृत समुदायहरूले यो अधिकार सधैँ पूर्ण रूपमा उपभोग गर्न पाएका छैनन् । ग्रामीण धादिङको हालैको एक उदाहरणले यो यथार्थलाई उजागर गर्दछ ।

धादिङको साम्बासमा तीन घरधुरी मात्र रहेको एक सानो दलित समुदाय छ । त्यहाँका परिवारहरू भिरालो पहाडी बाटोमा पिठ्युँमा पानी बोकेर ल्याउनुपर्ने अवस्था थियो र त्यसका लागि लामो समय खर्चिन बाध्य थिए । उनीहरूको एक मात्र स्रोत लिफ्टिङ खानेपानी प्रणाली थियो, तर मोटर पम्प बिग्रिएका कारण करिब छ महिनादेखि बन्द अवस्थामा थियो । लामो समयसम्म सेवा अवरूद्ध हुँदा वृद्धवृद्धाहरूसमेत आफैँ गाग्रीमा पानी ओसार्न विवश थिए । यसले पहिले नै सीमान्तकृत अवस्थामा रहेका ती परिवारमाथि ठूलो शारीरिक बोझ थपेको थियो भने उत्पादनमूलक र आयआर्जनका कार्यहरूमा खर्चिने समय समेत खोसेको थियो ।




मोटर पम्प बिग्रिएका कारण पहाडी भूभागमा पिठ्युँमा पानी बोक्न बाध्य समुदाय ।

सरकारी तथ्याङ्कअनुसार नेपालको खानेपानी प्रणाली ९५ प्रतिशत जनसङ्ख्यासम्म पुग्ने गरी तयार गरिएको छ । तर, १९ प्रतिशतको मात्र स्वच्छ पानीमा पहुँच रहेको छ । यति ठूलो अन्तर मुख्य गरी खानेपानी प्रणालीहरू सञ्चालनमा नरहनु र सेवामा निरन्तरता नहुनुका कारण सिर्जना भएको हो ।

सन् २०१६ देखि अक्सफामले फोकस नेपालसँगको साझेदारी र स्थानीय सरकारको सहयोगमा धादिङ जिल्लामा सुरक्षित खानेपानीको पहुँच विस्तारका लागि कार्य गर्दै आएको छ । वैकल्पिक व्यवस्थापन परियोजना (Alternative Management Model) मार्फत सुशासन र सेवा प्रवाहलाई सुदृढ बनाउन दुईवटा खानेपानी व्यवस्थापन बोर्ड–ज्वालामुखी र बेनीघाट रोराङ स्थापना गरिएका छन् । यी बोर्डहरूले मुख्यतया एक घर, एक धाराको अवधारणामा केन्द्रित रही सुरक्षित पानीमा समतामूलक पहुँच सुनिश्चित गरिरहेका छन् ।

साम्बासमा गरिएको यो कार्य खानेपानी आपूर्ति पुनर्स्थापनाका लागि एक द्रुत समाधान थियो । समुदायको अनुरोधलाई सम्बोधन गर्दै बिग्रिएको पम्पको सट्टा नयाँ मोटर उपलब्ध गराइएको थियो । यसबाट ती घरधुरीले टाढाका मुहानबाट पानी बोक्ने कष्टकर बोझबाट मुक्ति पाउनुका साथै नियमित रूपमा पानीको सुविधा पुनः प्राप्त गरेका छन् ।

आगामी दिनमा अक्सफामले साम्बास जस्ता समुदायहरूलाई बृहत् एक घर, एक धारा प्रणालीमा समाहित गर्न स्थानीय सरकारसँग निरन्तर सहकार्य गर्दै दीर्घकालीन समावेशीकरण र दिगोपन सुनिश्चित गर्नेछ ।

यस घटना उदाहरणले छरिएका र खण्डित खानेपानी प्रणालीका चुनौतीहरूलाई चित्रण गर्दछ । वैकल्पिक व्यवस्थापन मोडलले यस्ता प्रणालीहरूलाई खानेपानी व्यवस्थापन बोर्डहरूमार्फत एकीकृत गरी सबैका लागि थप भरपर्दो, जवाफदेही र समतामूलक सुरक्षित पानीमा पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।




नयाँ मोटरपम्प उपलब्ध गराएपछि पुनः सुचारु भएको खानेपानी प्रणाली । यो एक अस्थायी द्रुत समाधान हो ।

# नदी उपभोक्तादेखि नदी संरक्षक

पानीको गुणस्तर परीक्षण गर्ने विधिको सुरुवात हुनुअघि महाकाली नदी किनारका समुदायहरू यसमा अन्तर्निहित जोखिमहरू नबुझी नदीको पानी प्रयोग गर्थे । नदीलाई पिउने पानीको मुहान, लुगा धुने, फोहोर फ्याँक्ने र ढलसमेत मिसाउने ठाउँका रूपमा प्रयोग गरिन्थ्यो । चेतनाको अभावका कारण उनीहरूले आफ्नै स्वास्थ्यमा हानि पुर्‍याइरहेका थिए भने नदीको पारिस्थितिकीय प्रणाली र जलचरसमेतलाई क्षति पुर्‍याइरहेका थिए । उनीहरूले नदीलाई केवल एक साधारण स्रोतका रूपमा मात्र हेर्थे, नदी संरक्षण गर्नुपर्ने कुरा हो भन्ने सोचेका थिएनन् ।

महिला सशक्तीकरण केन्द्रहरूमार्फत पानीको गुणस्तर परीक्षण विधिको सुरुवात भएपछि यो बुझाइ गलत साबित भयो । महिला सशक्तीकरण केन्द्रहरू अक्सफामले स्थापित गरेका सामुदायिक संस्थाहरू हुन् । यी केन्द्रले जल सुशासन र जलवायु उत्थानशीलता केन्द्रका रूपमा काम गर्दछन् । यी केन्द्रहरूले परम्परागत धारणालाई वैज्ञानिक प्रमाणले प्रतिस्थापन गर्न आवश्यक साधनहरू उपलब्ध गराउँदछन् । यस्तो परीक्षण प्राविधिक विज्ञहरूले मात्र गर्न सक्छन् भन्ठान्ने समुदायका सदस्यहरु सुरुमा यस्ता विधिको कुरा सुन्दा अचम्मित भएका थिए । तर, साधारण उपकरणको प्रयोग गरी आफैँले परीक्षण गर्न सकिने थाहा पाएपछि उनीहरूमा उत्सुकता र उत्साह बढेको थियो ।

सुरुवाती चरणमा यी महिलाहरूले आफ्नै घरभित्रै अवरोधको सामना गर्नुपरेको थियो । एक सिटिजन साइन्टिस्टलाई विगतमा उनका श्रीमानले "तिमी किन दिनहुँ बाहिर जान्छौ ? यो के काम हो ?" भनेर प्रश्न गरिरहन्थे । यस्ता चुनौतीका बाबजुद ती महिलाहरू विचलित भएनन् । उनीहरूले नियमित रूपमा पानीको गुणस्तर परीक्षण गर्ने पद्धति स्थापित गरे र स्वच्छ पानी एवं ढल तथा फोहोरमैला व्यवस्थापनका लागि स्थानीय सरकारसामु सफल पैरवीसमेत गरे ।




कञ्चनपुरमा महाकाली नदीको पानीको गुणस्तर परीक्षण गर्दै सिटिजन साइन्टिस्टहरू ।

समयसँगै यो पहलले गति लिँदै गयो । यसको बढ्दो सफलताले गर्दा स्थानीय बासिन्दाहरूमा स्वीकृति बढ्यो । अहिले पुरुषहरूसमेत महिलाहरूलाई आफ्नो क्षेत्रमा आएर पानीको गुणस्तर परीक्षण गरिदिन अनुरोध गर्छन् । यो स्वीकृति घरभित्रसम्म पुग्यो । पहिले विरोध गर्ने श्रीमान्हरू अहिले आफ्नी श्रीमतीको कामप्रति गर्व गर्छन् र समर्थक बनेका छन् । यसको प्रभाव सीमापारि समेत पुगेको छ जसले महाकाली सरसफाइ अभियानलाई प्रेरित गऱ्यो । यस अभियानले महाकाली नदी सफा राख्न नदीपारिका भारतीय समुदायहरूसमेतलाई एकजुट भई सहकार्यमा प्रेरित गर्न सफल बनाएको छ ।

आज यस पहलअन्तर्गत १६ जना प्रमाणित सिटिजन साइन्टिस्टहरू तयार भएका छन् भने महिला सशक्तीकरण केन्द्रका सदस्यहरूले स्थानीयस्तरमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापनाका लागि सक्रिय रूपमा पैरवी गरिरहेका छन् । अहिले यी महिलाहरू नदीमा वा सडक किनारमा जथाभावी फोहोर फालिएको देख्ने बित्तिकै निर्धक्क भएर प्रतिवाद गर्छन् । यसकै परिणामस्वरूप पानीको मुहानको सरसफाइ, पानी उमालेर पिउने र फिल्टरको प्रयोग गर्ने जस्ता अत्यावश्यक अभ्यासहरूका बारेमा जनचेतना उल्लेख्य रूपमा बढेको छ ।

यो रूपान्तरणले के पुष्टि गर्छ भने जब समुदायलाई सही ज्ञान र साधनले सुसज्जित गरिन्छ, तब स्थायी रूपमा व्यवहारिक परिवर्तन सम्भव हुन्छ । महाकाली नदीलाई अब केवल एउटा नदीका रूपमा मात्र नभई साझा जिम्मेवारीका रूपमा हेर्न थालिएको छ । महिला सशक्तीकरण केन्द्रका सदस्यहरूको अडिग नेतृत्व र प्रतिबद्धताका कारण महाकाली अहिले पहिलेभन्दा स्वच्छ र सुरक्षित बनेको छ र यसलाई उच्च सम्मान गरिन्छ ।

# जल सुशासनको सुदृढीकरण

जल व्यवस्थापनको क्षेत्रमा अक्सफामको एक दशकभन्दा लामो अनुभव रहेको छ र यस अनुभवका आधारमा जल तथा ऊर्जा आयोगको सचिवालयसँग एउटा समझदारी पत्रमा हस्ताक्षर गरिएको थियो । यस समझदारीमार्फत अक्सफामलाई नेपालको जल क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाहरूलाई जोड्ने र समन्वय गर्ने सचिवालयको रूपमा जिम्मेवारी तोकिएको थियो ।

सन् २०२३-२४ मा जल तथा ऊर्जा आयोगको सचिवालयको नेतृत्व र रूडुकसँगको साझेदारीमा अक्सफामले जल सुशासन संरचना, जलाधार व्यवस्थापन योजना, जल सन्तुलन तथा लेखाङ्कन र द्वन्द्व व्यवस्थापनका उपायहरूका बारेमा अनुसन्धान सम्पन्न गरेको थियो ।

अनुसन्धानका नतिजाहरूलाई आधार बनाएर जलाधार परियोजनाको दोस्रो चरणले सुशासन सुदृढीकरण, तथ्याङ्क प्रणालीमा सुधार र समावेशी सहभागितालाई प्रवर्द्धन गर्दै अनुसन्धानबाट आएका निष्कर्षलाई व्यवहारमा उतार्ने कार्यमा ध्यान केन्द्रित थियो ।

यस पहलले समावेशी जल सुशासनलाई सुदृढ बनाउने र दिगो स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गर्ने कार्यमा उल्लेखनीय प्रगति गरेको छ । महिला सशक्तीकरण केन्द्रमार्फत महिलाहरूको सहभागिताले निर्णय प्रक्रियामा लैङ्गिक समावेशीकरण सुनिश्चित गरेको छ । त्यसै गरी नागरिक विज्ञानमार्फत स्थानीय महिला, शिक्षक र विद्यार्थीहरूलाई वर्षाको मापन र नदीको बहाव मापन कार्यमा सहभागी गराइएको थियो । यसले जलाधार क्षेत्रको तथ्याङ्क सङ्कलनको दायरालाई अझ फराकिलो बनाएको छ । तथ्याङ्कहरूलाई एकीकृत गर्न र साझा गर्नका लागि एक विस्तृत रंगुन जलाधार डाटाबेस तयार पारिएको छ र यसमा जल तथा ऊर्जा आयोगको सचिवालयद्वारा स्वीकृत इन्टरनेटमा आधारित जीआईएस पोर्टलसमेत समावेश गरिएको छ । यस पोर्टलले नक्सा र तथ्याङ्क हेर्न सजिलो बनाएको छ ।

नियमित रूपमा आयोजित जलाधारस्तरीय सुशासन बैठकहरू र स्थानीय सरकार एवं जल तथा ऊर्जा आयोगको सचिवालयको सहयोगमा स्थापित औपचारिक




डडेल्धुरा जिल्लामा नदीको बहाव मापन गर्दै सिटिजन साइन्टिस्टहरू ।




जलाधार व्यवस्थापनसम्बन्धी सिकाइ आदानप्रदान कार्यक्रममा आफ्नो मन्तव्य राख्दै अक्सफाम नेपालकी देशीय निर्देशक तृप्ति राई ।

सुशासन संरचनाले परियोजनाको अवधि सकिएपछि पनि यसको दिगोपन सुनिश्चित गरेको छ । स्थानीय तहका न्यायिक समितिहरूअन्तर्गत गठन गरिएका द्वन्द्व समाधान समितिहरूले जलाधार सुशासनलाई स्थानीय समुदायसँग जोड्ने काम गरेका छन् । पूर्वाधारमा आधारित कार्यहरूले पानीसम्बन्धी विवादहरू समाधान गर्न र जल सुरक्षा अभिवृद्धि गर्न सहयोग पुऱ्याएका छन् ।

राष्ट्रियस्तरको बहुसरोकारवाला कार्यशाला र संयुक्त सिकाइ भ्रमणहरूले सहकार्य र ज्ञान आदानप्रदानलाई प्रोत्साहन गरेका छन् । वडा, पालिका, जलाधार क्षेत्र र जलाधारस्तरमा पानीको उपलब्धता, उपयोग र निकासको लेखाजोखा गर्न जल लेखाङ्कन (water accounting) प्रविधि सुरुवात गरिएको छ । यसले जल व्यवस्थापनका लागि तथ्यमा आधारित निर्णय लिन सहयोग गर्ने महत्वपूर्ण सूचनाहरू प्रदान गर्दछ ।

स्थानीय तह र जल तथा ऊर्जा आयोगको सचिवालयको सहभागितामा एक औपचारिक जलाधार जल सुशासन संरचना स्थापना गरिएको छ । यस संरचनाले बहुसरोकारवाला बैठकहरू र निर्णय निर्माण प्रक्रियाको निरन्तरता सुनिश्चित गरेको छ ।

यस परियोजनाले समावेशी सुशासन, नागरिक विज्ञान र डिजिटल नवप्रवर्तनले जलाधार व्यवस्थापनमा कसरी परिवर्तन ल्याउन सक्छ भन्ने कुरा प्रमाणित गरेको छ । परियोजनाले स्थानीय सरकारी संरचना र न्यायिक समितिहरूभित्र नेतृत्वदायी भूमिकाहरू स्थापित गरेको छ । तथ्याङ्क सङ्कलन र सुशासन प्रक्रियामा महिला, सीमान्तकृत समूह र विद्यालयहरूलाई आबद्ध गराउँदा अपनत्व बढेको छ, सामाजिक सद्भाव सुदृढ भएको छ र उत्थानशीलता अभिवृद्धि भएको छ ।

# सरोकारवालाहरूसँगको समन्वय

## दक्षिण एसियाली आर्थिक शिखर सम्मेलन

काठमाडौंमा सन् २०२४ डिसेम्बर ११ देखि १३ सम्म आयोजित १५औँ दक्षिण एसियाली आर्थिक शिखर सम्मेलनमा अक्सफामले दक्षिण एसियाली व्यापार, अर्थतन्त्र तथा वातावरण निगरानी समूह सावती (SAWTEE) सँगको साझेदारीमा तीनवटा मुख्य सत्रहरू सञ्चालन गरेको थियो । यी सत्रहरू विशेष गरी दक्षिण एसिया क्षेत्रमा व्याप्त असमानता र जलवायु अन्यायका मुद्दाहरूमा केन्द्रित थिए ।

अक्सफामका नेतृत्वले आर्थिक सुशासन र जलवायु परिवर्तनबीचको अन्तरसम्बन्धका बारेमा गम्भीर ध्यानाकर्षण गराउँदै दक्षिण एसियाका अति जोखिममा रहेका समुदायहरूमा जलवायु सङ्कटले पारेको असमान प्रभावका बारेमा जोड दिएको थियो ।

अक्सफाम एसियाका क्षेत्रीय निर्देशक जोन सामुएलले वर्तमान जलवायु अवस्थालाई गरिबहरूका लागि "टाइम बम"को संज्ञा दिएका थिए । उनले सन् २०१९ देखि २०२३ को बीचमा दक्षिण एसियाका ८ करोड १० लाख मानिस जलवायुजन्य विपद्बाट प्रभावित भएको उल्लेख गर्दै विश्वव्यापी जलवायु वार्ताका "विगतका बाचाहरू" पूरा नभएकोमा आलोचनात्मक टिप्पणी गरेका थिए । ग्रिन फाइनान्ससम्बन्धी आफ्नो मुख्य मन्तव्यका क्रममा सामुएलले जोड दिँदै भनेका थिए, "जबसम्म असमानता र अन्याय रहिरहन्छ, तबसम्म जलवायु सङ्कट समाधान हुँदैन । आर्थिक सुशासनलाई



१५औँ दक्षिण एसियाली आर्थिक शिखर सम्मेलनमा मुख्य मन्तव्य राख्दै अक्सफाम एसियाका क्षेत्रीय निर्देशक जोन सामुएल ।



१५औँ दक्षिण एसियाली आर्थिक शिखर सम्मेलनको एक मुख्य सत्रमा आफ्नो धारणा राख्दै अक्सफाम नेपालकी देशीय निर्देशक तृप्ति राई ।

वातावरणीय सुशासनसँग एकीकृत गरिनुपर्छ । हामीलाई यस्तो बहुसरोकारवाला पद्धति आवश्यक छ जसले हरित प्रविधिमा रूपान्तरण न्यायपूर्ण र समतामूलक सुनिश्चित गर्न सक्दछ ।"

यस शिखर सम्मेलनले समावेशी आर्थिक वृद्धिका लागि अक्सफामका व्यवहारिक समाधानहरूलाई समेत प्रदर्शन गरेको थियो । अक्सफाम नेपालकी देशीय निर्देशक तृप्ति राईले उद्यम विकास कार्यक्रमका सफलताहरूका बारेमा जानकारी दिँदै यसले महिला नेतृत्वमा रहेका साना तथा मध्यम उद्यमहरूलाई सशक्त बनाउँदै आएको बताएकी थिइन् ।

**१५औँ दक्षिण एसियाली आर्थिक शिखर सम्मेलनमा अक्सफामका मुख्य पैरवीका बुँदाहरू :**

- सीमान्तकृत समुदायको जोखिमः विद्यमान सामाजिक-आर्थिक असमानताका कारण जलवायु परिवर्तनले महिला र सीमान्तकृत समूहहरूमा असमान र गम्भीर प्रभाव पारेको छ ।
- निजी क्षेत्रको जवाफदेहिताः निजी क्षेत्रले केवल हरित प्रविधि अपनाउने मात्र नभई हरित वित्तमा समेत सक्रिय रूपमा योगदान पुऱ्याउनुपर्छ ।

- समावेशी लगानी: स्थानीय अर्थतन्त्रलाई सबल र उत्थानशील बनाउन गरिने लगानीले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिनुपर्छ ।

यस सम्मेलनमा अक्सफामको सहभागिताले दक्षिण एसियाको हरित रूपान्तरण प्रक्रियामा जलवायु सङ्कटका लागि कम जिम्मेवार तर यसबाट सबैभन्दा बढी प्रभावित समुदायहरू नछुटुन् भन्ने कुरा सुनिश्चित गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ ।

## नेपाल असमानता प्रतिवेदन

गैरसरकारी संस्था महासङ्घ नेपालले आयोजना गरेको एक कार्यक्रमका बीच २२ मे २०२५ मा नेपाल असमानता प्रतिवेदन (Nepal Country Inequality Report) २०२५ आधिकारिक रूपमा सार्वजनिक गरिएको थियो ।

नेपालका गैरसरकारी संस्थाहरूको छाता सङ्गठन, गैरसरकारी संस्था महासङ्घको नेतृत्व र अक्सफाम नेपालको साझेदारी एवं सहयोगमा तयार गरिएको उक्त प्रतिवेदन यसअघिको 'सीआईआर २०१९ : फाइटिङ इनइक्वालिटी इन नेपाल - द रोड टु प्रस्परिटी' मा आधारित छ । सन् २०२५ मा सार्वजनिक यो प्रतिवेदन केवल अद्यावधिक विवरण मात्र नभई एक गहिरो र विस्तृत विश्लेषण हो । यसले नेपालको समाज, सङ्घसंस्था र शासन संरचनाभित्र सामाजिक, आर्थिक र राजनीतिक असमानताहरू अझै पनि गहिरोसँग गढेर रहेको ठोस प्रमाण प्रस्तुत गरेको छ ।

यस प्रतिवेदनको खोजनतिजा र महत्वलाई राष्ट्रियस्तरमा प्रसार गर्न गैरसरकारी संस्था महासङ्घद्वारा आयोजित एक नागरिक समाज कार्यक्रममा १० मार्च २०२५ मा तत्कालीन प्रधानमन्त्रीको उपस्थितिमा प्रतिवेदनको सारांश पहिलोपटक सार्वजनिक गरिएको थियो ।

यस प्रतिवेदनले सातवटा महत्वपूर्ण क्षेत्रहरूमा रहेका असमानताहरूको सूक्ष्म अध्ययन गरेको छ : बसाइँसराइ, राजनीति, स्वास्थ्य, आय तथा सम्पत्ति, जलवायु परिवर्तन र विपद्, शिक्षा, र खाद्य तथा भोकमरी । प्रत्येक विषयगत विश्लेषणले सरकार, नागरिक समाज र निजी क्षेत्रबाट तत्काल ध्यान दिनुपर्ने र हस्तक्षेपकारी कार्य गर्नुपर्ने अति आवश्यक प्राथमिकताहरूलाई पहिचान गरेको छ ।

यो प्रतिवेदन डेस्क रिसर्च र सरोकारवालाहरूसँगको परामर्शमा आधारित एक गुणात्मक र तथ्यपरक अध्ययन हो । यसमा सरकारी प्रतिवेदन, प्राज्ञिक लेख, नीतिगत संक्षेप, अनुसन्धानमूलक अध्ययन, नागरिक समाजका प्रकाशन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूका तथ्याङ्कहरू प्रयोग गरिएको छ । अध्ययनका लागि सन् २०१५ पछिका प्रकाशित र अप्रकाशित दुवै खालका दस्तावेजहरूको समीक्षा गरिएको थियो । प्रतिवेदनको विश्लेषणात्मक गहिराइ, एकरूपता र असमानतासम्बन्धी राष्ट्रिय एवं विश्वव्यापी बहसहरूसँगको सामञ्जस्यता सुनिश्चित गर्न अध्ययन गरिएका प्रत्येक विषयगत खण्डलाई विज्ञहरूद्वारा परीक्षण गरिएको थियो ।




पूर्व प्रधानमन्त्री केपी शर्मा ओली नेपाल कन्ट्री इनइक्वालिटी रिपोर्ट २०२५ को सारांश सार्वजनिक गर्दै ।

### दातृ निकायहरू

- सीडा
- कोइका
- पाउल ड्यू जेन्सेन / ग्रुण्डफोस फाउण्डेशन
- वाईजी इन्टरटेनमेन्ट
- इन्टविक्लुङ क्लब
- अक्सफाम ग्रेट ब्रिटेन
- अक्सफाम हङकङ
- अक्सफाम अमेरिका
- अक्सफाम नोभिव


### साझेदार गैरसरकारी संस्थाहरू

- भेरी वातावरणीय विशिष्टता समूह (बीईई ग्रुप)
- बागमती सेवा समाज ( बि.डब्लु.एस.एन.) नेपाल
- सामुदायिक ग्रामीण विकास समाज (सी.आर.डि.एस.)
- सामुदायिक उत्थान पद्धतिका लागि मञ्च (फोकस) नेपाल
- निड्स नेपाल
- ली-बर्ड
- ग्रामीण विकास केन्द्र (आर.डी.सी.) नेपाल
- ग्रामीण महिला विकास तथा एकता केन्द्र (रूडुक), काठमाडौँ
- ग्रामीण महिला विकास तथा एकता केन्द्र (रूडुक), डडेल्धुरा
- सीमान्तकृत महिलाका लागि महिला संस्था (वाम)
- युवालय

# वित्तीय



कुल बजेट
**३१ लाख पाउण्ड**





दोधारा चाँदनी नगरपालिकाकी सिटिजन साइन्टिस्ट तथा महिला सशक्तिकरण समूहकी सक्रिय सदस्य कविता लोहार महाकाली नदीको पानीको गुणस्तर जाँच्दै ।



©Dark Horse Entertainment/Oxfam

अक्सफामको जीविकोपार्जन सहयोगबाट प्राप्त भएका बाख्रा देखाउँदै कञ्चनपुर जिल्लाको बेलडाँडी गाउँपालिकाकी पद्मादेवी धामी । बाख्रापालनमा सहभागी भएपछि उनको परिवारले भरपर्दो र दिगो आयआर्जनको स्रोत पाएको छ ।

Oxfam in Nepal
Jawalakhel, Lalitpur - 5, Nepal
Nepal Telephone: +977 (1) 5430574
Email: oxnepal@oxfam.org.uk,
Website: www.nepal.oxfam.org
https://www.facebook.com/OxfamInNepal | https://www.instagram.com/oxfaminnepal